सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

११ माघ २०८१, शुक्रबार (24 Jan 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २७८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

रविको थुनछेक बहस, अदालतमा 'सरकारी छाया'

■ जिल्ला सरकारी वकिलको कार्यालय रुपन्देहीमा दरबन्दी भएका सातमध्ये पाँच वकिल रविविरुद्ध बहस गर्न इजलासमा, उच्च सरकारी वकिलको कार्यालय बुटवलबाट पनि तीनजना उपस्थित



● **डा. नारायणदत्त कँडेल**, अधिवक्ता

कार्यालय रित्तो पारेर इजलास पुगेका सरकारी वकिलहरूले कार्यालयका काम पनि इजलासमै गरे। उनीहरूले इजलासमै डकुमेन्टहरूमा हस्ताक्षरलगायतका कार्यालयका अरू काम गरिरहेका देखिन्थे।

बिहीबारबाट सुरु थुनछेक बहस नसकिएपछि हेर्दाहेर्दैमा राखिएको छ। न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले रविलाई शुक्रबार १०:३० बजे उपस्थित हुने सर्तमा वकिल र परिवारको जिम्मा लगाएको छ।



भैरहवामा **दिपेश पछाई**

कास्की र काठमाडौंमा जस्तै बुटवलको सुप्रिम सहकारीको मुद्दामा पनि रास्वपा सभापति रवि लामिछानेविरुद्धको बहसमा रुपन्देहीको इजलासमा सरकारी वकिलहरूको लर्को लागेको छ। रविलाई थुनामा पठाउनुपर्ने बहस गर्न बिहीबार जिल्ला सरकारी वकिलको कार्यालय नै खाली हुने गरी मात्रै होइन, उच्च सरकारी वकिलको कार्यालय बुटवलबाट पनि थप जनशक्ति इजलासमा पुगेका हुन्। यसलाई रवि पक्षधरले सरकारी छायाको संज्ञा दिएका छन्।

जिल्ला सरकारी वकिलको कार्यालय रुपन्देहीमा दरबन्दी भएका सात वकिलमध्ये पाँचजना बहसका लागि इजलास पुगेका थिए। जिल्ला न्यायाधिवक्ता प्रेमराज पौडेल, सहायक जिल्ला न्यायाधिवक्ता वसन्तराज पोख्रेल, गोकर्णराज घिमिरे, सुनील लामिछाने र पवित्रा भण्डारी इजलासमा उपस्थित भएका हुन्। त्यस्तै, उच्च सरकारी वकिलको कार्यालय बुटवलमा दरबन्दी रहेका दुवै

» पृष्ठ २ मा क्रमशः

■ पीडितको रकम फिर्तातिर चासो छैन, रविलाई थुन्नमै जोड

सुप्रिम सहकारी मुद्दामा रुपन्देहीमा पनि रविलाई केही दिन हिरासतमा राख्ने सरकारी प्रयास असफल भएपछि सरकारी वकिलहरूले इजलासमै न्यायाधीशको आदेशमाथि प्रश्न उठाएका छन्। बुधबार बयान सकिएपछि न्यायाधीश प्रह्लादकुमार योगीले रविलाई बिहीबार उपस्थित हुने सर्तमा श्रीमती निकिता पौडेल र उनका कानुन व्यवसायीको जिम्मा जमानीमा छाड्ने आदेश दिएका थिए। बिहीबार बहसको सुरुवातमै यसको विरोध गर्दै सरकारी वकिलहरूले न्यायाधीशमाथि प्रश्न उठाए।

जिल्ला न्यायाधिवक्ता प्रेमराज पौडेलले 'श्रीमान्को आदेश कानुनअनुसार नआएको' जिकिर गरे। यो आदेशले न्यायाधीशको भावना प्रतिनिधित्व भइसकेकाले योगीले मुद्दा हेर्न नमिल्ने उनको जिकिर थियो। तर, रविको तर्फबाट बहस गर्न पुगेका वरिष्ठ अधिवक्ता सुशील पन्तले 'पहिला सुन्ने कि थुन्ने भन्ने विषयमा प्रहरी र अदालत पनि लिबरल हुँदै गइरहेको वेला मानव अधिकारको पनि रक्षा गर्न प्रतिबद्ध हुनुपर्ने राज्यपक्ष किन जिम्मा जमानीमा छाड्ने आदेशविरुद्ध प्रश्न उठाउँदै छ' भन्दै प्रश्न गरे।

आफ्नो आदेशविरुद्ध सरकारी वकिलहरूले आपत्ति जनाएपछि न्यायाधीश योगीले कानुनअनुसारकै आदेश दिएको जवाफ दिए। 'यो मेरो भावना होइन, कानुनी प्रक्रिया हो,' उनले भने। बयान एउटा इजलासमा हुने अनि बहस अर्को इजलासमा हुने अहिलेसम्म अभ्यास नभएको भन्दै आफैंले मुद्दा सुनुवाइ गर्ने बताएपछि सरकारी वकिलहरू बहसका लागि तयार भएका थिए।

त्यसो त जिम्मा जमानीमा छाड्ने अभ्यास नेपालमा पहिले पनि हुँदै आएको छ। यसअघि ज्यान मुद्दाका अभियुक्तलाई समेत ललितपुर जिल्ला अदालतले वकिलको जिम्मा जमानीमा छाडेको थियो। गत मंगलबार संसद्को कानुन, न्याय तथा संसदीय मामिला समितिमा महान्यायाधिवक्ता रमेश बडालले नै 'जाहेरी पर्नु भनेको मान्छेलाई थुनामा राख्नुपर्छ भनेको होइन' भनेका थिए। तर, गलत बुझाइका आधारमा जाहेरी पर्नेबित्तिकै थुनामा राख्न सामाजिक दबाब पर्ने गरेको र त्यसलाई चिर्नुपर्ने उनको भनाइ थियो। नेपालको संविधानको धारा २० मा रहेको न्यायको हकअन्तर्गत उपधारा ५ मा पनि स्पष्ट छ, 'कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिनेछैन।'

> वरिष्ठ अधिवक्ता त्रिपाठीको अभिव्यक्तिप्रति न्यायाधीश समाजको खेद

सुप्रिम सहकारी मुद्दामा सुरु अभियोगभन्दा पूरक अभियोगमा गम्भीर प्रकृतिको संगठित अपराधको मुद्दासमेत जोडेपछि सरकारले मिलापत्रका रूपमा सहकारीपीडितको बचत रकम फिर्ताको सम्भावनालाई भने पर धकेलिसकेको छ। संसदीय उच्चस्तरीय छानबिन समितिको प्रतिवेदन, प्रहरीमा परेको जाहेरी र सहकारीपीडितहरूले संकलन गरेको तथ्यांकअनुसार सुप्रिम सहकारीमा मात्रै १९ हजार ३५ बचतकर्ताको एक अर्ब १६ करोडभन्दा धेरै रकम फसेको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ मिटरब्याजपीडितमाथि थप अत्याचार

जाँचबुझ आयोगलाई प्रतिवेदनसमेत तयार गर्न दिइएन, स्वतः विघटनको अवस्थामा

देशभरका पीडित पैदल काठमाडौं आएर १९ दिनसम्म आन्दोलन गरेपछि बनाइएको आयोगले गर्दै थियो पीडितका ३० हजार उजुरीमाथि छानबिन, तर यो आयोगलाई स्वतः विघटनको अवस्थामा पुऱ्याएर फेरि अर्को बनाउने छलफलमा सरकार



■ सिंहदरबारस्थित गृह मन्त्रालयको पुरानो भवनमा रहेको आयोगको कार्यालय हाल बन्द छ, सरकारले साइनबोर्ड र नेमप्लेट पनि हटाएको छ, तर आयोग विघटनको औपचारिक निर्णय गरेको छैन

■ आयोगमा परेका २९ हजार ८७८ उजुरीमध्ये कतिपय फर्स्योट र कतिपय छानबिनकै अवस्थामा थिए, प्रतिवेदन तयार नहुँदै सरकारले आयोग नै निष्क्रिय बनाएपछि पीडित आक्रोशित

नवराज मैनाली / नयाँ पत्रिका

मिटरब्याज (अनुचित लेनदेन)सम्बन्धी समस्या समाधानका लागि ११ महिनाअघि गठित आयोग 'राजनीतिक प्रतिशोध'मा परेपछि स्वतः विघटनको अवस्थामा पुगेको छ। अघिल्लो सरकारले गठन गरेको भन्दै वर्तमान सरकारले कामै गर्न नदिएपछि पूर्वन्यायाधीश तेजबहादुर कार्कीको अध्यक्षतामा गठित आयोग 'विघटन'को अवस्थामा पुगेको हो।

गत १५ असोजमा आयोगको म्याद सकिएकोमा

» पृष्ठ २ मा क्रमशः

दुई आयोग र एउटा समिति बने पनि मिटरब्याजपीडितको समस्या ज्युँका त्युँ, १४ माघदेखि फेरि आन्दोलन

■ **१४ माघमा जनकपुरमा आमसभा, त्यसपछि मधेशका ठुला सहर हुँदै काठमाडौंमा**



१६ माघ ०८० मा पूर्वी सिमाना काँकडभिट्ठास्थित मेची पुल र पश्चिममा कञ्चनपुरको गड्डाचौकीबाट 'न्याय मार्च' सुरु गरेका मिटरब्याजपीडितहरू चितवनमा जम्मा भई २३औं दिनमा काठमाडौं आइपुगेका थिए। १९ दिनसम्म काठमाडौंमा आन्दोलन गरेपछि सरकारले न्याय दिलाउने चारबुँदे सहमति गरेर फर्काएको थियो।

राजविराजमा **सौरभ यादव**

सप्तरीको राजविराज नगरपालिका- १३ का वीरेन्द्र यादवले कोरोना महामारीका वेला घरखर्च चलाउन पटक-पटक गरी साहुकार देवनारायण यादवसँग दुई लाख रुपैयाँ कर्जा लिएका थिए। उनले कर्जाको तीन गुणाभन्दा बढी (६ लाखको) कपाली कागज पनि गरिदिएका थिए। ६ महिनाभित्रै उनले दुई लाखको ६५ हजार ब्याज पनि

» पृष्ठ २ मा क्रमशः

■ सप्तरीको राजविराज-१३ का **वीरेन्द्र यादव**को छटपटी

साँवा-ब्याज तिरिसकैं, तर साहुकारले पैसा नदिएको भनेर मुद्दा हालेपछि अदालतले जग्गा लिलामी प्रक्रिया थालेको छ, तनावमा छु



घरखर्च चलाउन साहुकार देवनारायणसँग पटक-पटक गरी दुई लाख लिएँ। त्यसबापतको साँवा-ब्याज बुझाइसकेको छु। तर, साहुकारले कपाली कागज दिएनन्। पछि साहुकारले पैसा नदिएको भन्दै सोही कागजका आधारमा मुद्दा हालेपछि अदालतले मेरो सबै जग्गा रोक्का गरेको छ। अदालतले जग्गा लिलामीको प्रक्रिया अगाडि बढाएको छ। अब के गर्ने, के नगर्ने भन्ने तनावमा छु। मिटरब्याजविरुद्धको आन्दोलनमा सहभागी हुन पैदलै हिँडेर काठमाडौं पनि गएँ। महिनौंसम्म आन्दोलन भयो, तर अझैसम्म न्याय पाइएको छैन।

रेलमा आगलागीको हल्लापछिको भागदौडमा चार नेपालीको पनि मृत्यु

नयाँ पत्रिका

भारतको महाराष्ट्रस्थित जलगाउँमा बुधबार साँझ रेलमा आगलागीको हल्ला भएपछिको भागदौडमा एकजना बालकसहित चार नेपालीको पनि मृत्यु भएको छ। घटनामा १३ जनाको मृत्यु भएको छ। चार नेपाली घाइते पनि छन्।

भारतको उत्तरप्रदेशस्थित लखनउबाट मुम्बईतर्फ गएको पुष्पक एक्सप्रेस रेलमा आगलागी भएको हल्ला चलेपछि यात्रुहरू भाग्ने क्रममा विपरीत दिशातर्फबाट आएको कर्नाटक एक्सप्रेसमा ठोक्किएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। घटनामा

» पृष्ठ २ मा क्रमशः

काभ्रेको महाभारत क्षेत्रमा तीन दिनदेखि डढेलो



● वन डढेलो अध्येता सुन्दरप्रसाद शर्मा भन्छन्-

यसपालि पनि डढेलो फैलिन्छ भन्ने अनुमान थिएन

काभ्रेमा **इन्द्रबहादुर थापा**

काभ्रेपलाञ्चोकको खानीखोला र बेथानचोक गाउँपालिकाको सीमा क्षेत्र थामलेकस्थित महाभारत सामुदायिक वनमा तीन दिनदेखिको भीषण डढेलो अझै नियन्त्रणमा आउन सकेको छैन।

मंगलबार अपराह्न २ बजेदेखिको डढेलो नियन्त्रणका लागि नेपाली सेना र प्रहरी टोली परिचालन भए पनि भिर र सुकेका पातपतिंगर धेरै भएकाले समस्या भइरहेको प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाललले बताए। खानीखोला- १ थामको लेकबाट सुरु भएको डढेलो बेथानचोक गाउँपालिका- ५, ३, २ हुँदै १ सम्म आइपुगेको छ। 'जंगलको डढेलो निभाउन सकिने स्थिति छैन, सेना र प्रहरीले स्थानीयसँग समन्वय गरेर बस्तीमा

» पृष्ठ २ मा क्रमशः



खानीखोला- १ थामको लेकबाट सुरु भएको डढेलो बेथानचोक गाउँपालिका- ५, ३, २ हुँदै १ सम्म आइपुगेको छ।



संघीय निजामती विधेयकको फेरियो प्रस्तावना

बिहीबारदेखि दफावार छलफल प्रारम्भ गरेको राज्य व्यवस्था समितिले पहिलो दिन तीनवटा दफा टुंग्यायो

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रस्तावना फेरिएको छ। प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले बुधबारदेखि विधेयकमा दफावार छलफल प्रारम्भ गर्दै अन्तरवस्तुको सैद्धान्तिक अवधारणाको रूपमा रहने प्रस्तावना हेरफेर गरेको हो।

सरकारले प्रस्तुत गरेको विधेयकको प्रस्तावनामा 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी व्यवस्था गरी सो सेवालाई राष्ट्रहित र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राजनीतिक रूपमा तटस्थ, पेसागत रूपमा सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी र व्यावसायिक बनाउँदै सुशासनमुखी संयन्त्रको रूपमा विकास गर्न वाञ्छनीय भएकोले' भन्ने उल्लेख छ।

यो प्रस्तावना संशोधन गर्न विधेयकमा ३२ वटा संशोधन परेका थिए। सबै संशोधन समेट्ने गरी समितिले सर्वसम्मत रूपमा प्रस्तावना फेरेको सभापति रामहरि खतिवडाले बताए। समिति सचिव सुरजकुमार दुराका अनुसार उत्तरदायी शब्दको अगाडि जन थपेर जनउत्तरदायी बनाइएको छ। यसैगरी, सुशासनमुखी शब्दको सट्टा सुशासनयुक्त राखिएको छ। यसबाहेक पारदर्शी, प्रविधिमैत्री, परिणाममुखी र समावेशी शब्द प्रस्तावनामा थप गरिएको छ।

'प्रस्तावना विधेयकको फेस हो। फेस हेरेर बडी कस्तो छ भन्ने अनुमान लगाउन सकिन्छ। यही स्पिरिटमा प्रस्तावना परिमार्जन गरिएको छ,' सदस्य सर्वेन्द्रनाथ शुक्लले भने। प्रस्तावनासँगै समितिले विधेयकको दफा १, ३ र ४ सर्वसम्मत टुंग्याएको छ। दफा १ मा नाम, ३ मा संघीय निजामती सेवासम्बन्धी केन्द्रीय निकाय, चारमा संघीय निजामती सेवा सञ्चालनका आधारभूत सिद्धान्त छन्। परिभाषा रहेको दफा २ मा पछि छलफल गर्ने समझदारी बनेको छ।

दफा चारको छलफलमा सांसदहरूले अनुमानयोग्य र चक्रीय प्रणाली तथा तीन तहबिच समन्वयात्मक संयन्त्रबारे जिज्ञासा राखेका थिए। दफा ४ को (च) मा (च) निजामती कर्मचारीको सरुवा, बढुवा र वृत्ति विकास प्रणाली पारदर्शी, वस्तुनिष्ठ, अनुमानयोग्य र व्यावसायिक क्षमतामा आधारित हुने भनिएको छ। (छ) मा विभिन्न संघीय एकाइमा रहने सरकारी सेवाहरूबिच समन्वय र सहकार्यको माध्यमबाट सुमधुर र सहयोगात्मक सम्बन्ध विकास र विस्तार हुने उल्लेख छ।

कांग्रेस सांसद हृदयराम थानीले अनुमानयोग्य र व्यावसायिक क्षमतामा आधारित भनेको कसरी हो भनेर सोधेका थिए। कानुन मन्त्रालयका सचिव उदयराज सापकोटाले कर्मचारीको सरुवा बढुवालाई चक्रीय प्रणालीमा लान प्रस्ताव गरिएको र अहिले भएका कर्मचारीलाई छुट्टै र नयाँ आउनेलाई छुट्टै व्यवस्था गरेर जानुपर्ने जवाफ दिए।

एमालेका रघुजी पन्तले सरुवा कहाँ हुने र बढुवा कहाँ हुने भनेर अनुमानयोग्य बनाउनुपर्ने र यो सेवाप्रति आश्वस्त बनाउने कुरा भएको बताए। तीन महिना र ६ महिनामा कर्मचारीहरू छिटो छिटो सरुवा हुँदा धेरै संस्थाको इन्स्टिच्युसनल मेमोरी नभएको र यो सबल प्रशासन एवं प्रभावकारी सेवाका लागि समस्या भएको उनको भनाइ थियो।

प्रधानमन्त्री कार्यालयका कानुनसचिव फणीन्द्र गौतमले पनि शासन सञ्चालनमा खड्किएको विषय संस्थागत स्मरण नहुनु रहेको बताए। वैदेशिक भ्रमणमा हुने बैठकहरूमा यो ज्यादै खड्किने गरेको भन्दै गौतमले 'मिनिस्ट्रियल क्याडर' बनाउन सकिएन भने यो समस्या रहिरहने सुनाए।

एमालेका लीलानाथ श्रेष्ठले कर्मचारीलाई फुटबल बनाउने काम गरिएको बताए। 'निजामतीलाई फुटबल बनाउने काम नगरौं। राष्ट्र र जनताप्रति उत्तरदायी बनाऔं। दक्षता, क्षमताका आधारमा अटोमेटिक नियमितता जानुपर्‍यो,' उनले भने।

जसपा नेपालका प्रकाश अधिकारीले कर्मचारी निश्चित अवधि र निश्चित ठाउँमा जाने निर्धारण हुने गरी व्यवस्थित गर्नुपर्ने बताए। कांग्रेसकी ईश्वरी घर्तीले प्रदेश र स्थानीय तहसँग समन्वयकारी निकाय के हो, उद्देश्यमा समन्वय संयन्त्र कसरी राख्ने भनेर जिज्ञासा राखेकी थिइन्।

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले नागरिकले मुस्कानसहितको सेवा होइन, मुस्कान दिने सेवा खोजेको बताए। 'हामीले मुस्कानसहितको सेवा भन्यौं। सेवाग्राही कार्यालयमा जान्छ। कर्मचारीले मुस्कानसहित नम्र भाषामा भन्छ, आज हुँदैन, भोलि हुँदैन, पर्सि आउनुस्। हामीले खोजेको मुस्कानसहितको सेवा होइन। मुस्कान दिने सेवा हो। आज सेवाग्राही आउँछ। आजै कर्मचारीबाट सेवा पाउँछ। त्यही दिन पाएको सेवाले सेवाग्राहीको मुहारमा मुस्कान हुन्छ। छिटो सेवामार्फत सुशासन सुनिश्चित गरौं,' उनले भने।

छलफलमा संघीय मामिला मन्त्रालयका सचिव रविलाल पन्थले निजामती सेवा सञ्चालनका आधारभूत सिद्धान्तहरू संविधानको धारा ५१ को राज्यका नीतिहरूबाट निर्धारण गरिएको बताए।

संघीय निजामती विधेयक २१ फागुन ०८० मा प्रतिनिधिसभामा दर्ता भएको थियो। १५ जेठ ०८१ मा समितिमा आएको थियो। विधेयकमा १२४ सांसदबाट १५८३ वटा संशोधन परेका थिए। समितिले संशोधनकर्ता सांसद, सरोकारवाला निकाय लोकसेवा आयोग, विभिन्न संवैधानिक निकाय, ट्रेड युनियनका प्रतिनिधि, पूर्वप्रशासन र अन्य विज्ञहरूसँग छलफल सकेर ८ महिना पुग्न लाग्दा दफावार छलफल थालेको हो।

समिति सभापति खतिवडाले सबै सरोकारवाला पक्ष र संशोधनकर्ता सांसदसँग छलफल सकेर विधेयकमा दफावार छलफल प्रारम्भ गरिएको बताए। 'सबैको चासोको विषय रहेको विधेयकमा दफावार छलफल सुरु गरेका छौं। प्रस्तावनासहित दफा १, ३, ४ दफा सकियो। दफा २ बाँकी छ। यही अधिवेशनमै सक्ने गरी मेहेनत गर्छौं,' उनले भने। दफावार छलफललाई निरन्तरता दिन अर्को बैठक सोमबार १ बजे बोलाइएको छ।

समितिमा सांसदहरूले विधेयकका मुख्य-मुख्य विषयमा साझा धारणा बनाउन उपसमिति गठनको माग गरेका छन्। कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले विधेयकमा पूर्वतयारी गरेर छिट्टै आउने गरी उपसमिति बनाएर जानुपर्ने धारणा राखे। 'समितिमा उपस्थिति संख्यात्मकभन्दा पनि गुणात्मक बनाउन उपसमितिमार्फत एक्सर्साइज गरौं। सानो समूहमा छलफल आकर्षक हुन्छ। परिणाममुखी हुन्छ। निष्कर्षसहित समितिमा केही बैठकमै सकाउन सकिन्छ,' उनले भने।

रविको...

पृष्ठ १ बाट क्रमशः

उपन्यायाधिवक्ता रवि न्यौपाने र प्रकाश मरासिनी तथा सहन्यायाधिवक्ता सोमकान्त भण्डारी पनि इजलासमा थिए। कार्यालय रित्तो पारेर इजलास पुगेका सरकारी वकिलहरूले कार्यालयका काम पनि इजलासमै गरेको रवि पक्षधर कानुन व्यवसायी अधिवक्ता डा. नारायणदत्त कँडेलले बताए। 'सरकारी वकिलहरूले इजलासमै डकुमेन्टहरूमा हस्ताक्षरलगायतका अरू काम गरिरहेका देखिन्थे,' उनले भने।

सहकारी ठगीकै मुद्दामा यसअघि अन्य प्रतिवादीमाथिको थुनछेक बहसमा सरकारी वकिलको लस्कर देखिएको थिएन। झन्डै साढे २२ करोड बचत रकम हिनामिना गरेको अभियोग लागेकी संसद्को सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेलपत्नी अञ्जला कोइराला पोखरेलको मुद्दा त्यसको एक उदाहरण हो। हिरासत छल्न फरार रहेकी अञ्जला अदालत उपस्थित भएकै दिन हतार-हतार थुनछेक बहस सकाएर केही घण्टामै धरौटीमा छुटेकी थिइन्। त्यस्तै, सुप्रिम सहकारीकै मुद्दामा सहकारीका तत्कालीन सचिव पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनका छोरा दीपेश पुनको थुनछेक बहसमा पनि सरकारी वकिलको खासै चासो देखिएन। तर, रविको मुद्दामा लागेको सरकारी वकिलको भिडका कारण थुनछेक बहस लम्बिएको छ। बिहीबारबाटै सुरु बहस नसकिएपछि हेर्दाहेर्दैमा राखिएको हो। न्यायाधीश प्रल्हादकुमार योगीको इजलासले रविलाई भने बुधबारजस्तै वकिल र परिवारको जिम्मा लगाएको छ। उनलाई शुक्रबार बिहान १०:३० बजे उपस्थित हुने सर्तमा छाडिएको अदालतका स्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीले जानकारी दिए।

थुनछेक बहस सुरु हुनुअगाडि जिल्ला सरकारी वकिलको कार्यालयका न्यायाधिवक्ता प्रेमराज पौडेल र पीडितहरूका तर्फबाट वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले अभियुक्तलाई प्रहरी हिरासतमा पठाउनुपर्नेमा परिवार र कानुन व्यवसायीको जिम्मा लगाउनु अहिलेसम्म नभएको अभ्यास गरिएको भन्दै प्रतिवाद गरेका थिए। बहसमा वादीका तर्फबाट जिल्ला न्यायाधिवक्ता पौडेल, सहायक जिल्ला न्यायाधिवक्ता वसन्तराज पोखरेल, गोकर्णराज घिमिरे, सुनील लामिछाने, पवित्रा भण्डारी, सोमकान्त भण्डारी, उपन्यायाधिवक्ता रवि न्यौपाने र प्रकाश मरासिनीले बहस गरेका थिए। त्यस्तै, जाहेरवाला पीडितको तर्फबाट वरिष्ठ अधिवक्ता त्रिपाठीले बहस गरेका थिए। उनीहरूले सहकारीको रकम गोर्खा मिडियामा लैजानु गलत भएको र मिडिया नै गैरकानुनी रूपमा खुलेको बताएका थिए। लामिछानेलाई पुर्पक्षका लागि थुनामा राखेर प्रक्रिया अगाडि बढाउनुपर्ने उनीहरूको माग थियो। पीडितकै तर्फबाट बहस गर्न रुपन्देही पुगेका अर्का वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारीले भने शुक्रबार बहस गर्नेछन्।

वरिष्ठ अधिवक्ता त्रिपाठीको अभिव्यक्तिप्रति न्यायाधीश समाजको खेद

काठमाडौं/ वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीको अभिव्यक्तिप्रति न्यायाधीश समाज, नेपालले खेद व्यक्त गरेको छ। कानुन व्यवसायीको आचरणविपरीत उनले न्यायाधीशविरुद्ध अभिव्यक्ति दिएको भन्दै समाजले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

समाजले बिहीबार विज्ञप्ति जारी गर्दै न्यायाधीशउपर त्रिपाठीले दिएको अभिव्यक्तिले न्यायपालिकाप्रति नै अनास्था फैलाउने काम गरेको उल्लेख छ। 'सो घटनापश्चात् वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीबाट विभिन्न सञ्चारमाध्यममा सो मुद्दामा भएको आदेश गर्ने न्यायाधीशका सम्बन्धमा बदनियतपूर्वक कार्य गरेको भनी सर्वसाधारणमा न्यायपालिकाप्रति नै भ्रम र अनास्था फैलाउने गरी अन्तर्वार्ता दिएको कुरा युट्युब च्यानलहरूमा प्रसारण भएको पाइएकाले सो सम्बन्धमा समेत समाजको गम्भीर ध्यानाकर्षण भएको छ,' समाजका महासचिव टेकनारायण कुँवरद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

आदेशमा चित्त नबुझेमा कानुनबमोजिमकै प्रक्रिया अवलम्बन गरी उपचार खोज्नु स्वाभाविक हुने समाजको भनाइ छ। 'वरिष्ठ अधिवक्ताको अभिव्यक्तिबाट प्रचलित न्यायिकपद्धति र समग्र न्यायपालिकाप्रति नै अनास्था पैदा हुन जाने हुँदा न्यायाधीश समाज, नेपाल त्यस प्रकारका अवाञ्छित गतिविधिहरूप्रति खेद व्यक्त गर्दछ,' विज्ञप्तिमा भनिएको छ।

सहकारी मुद्दामा मुछिएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई धरौटीमा छाड्ने जिल्ला अदालत कास्कीको आदेशप्रति असन्तुष्टि जनाउँदै त्रिपाठीले न्यायाधीश नीतिज राईको सार्वजनिक आलोचना गरेका थिए। सोही विषयलाई लिएर न्यायाधीश समाजले गम्भीर ध्यानाकर्षण गराएको हो।

त्रिपाठीमाथि पछि काठमाडौं जिल्ला अदालतबाहिर एक समूहले हातपात गरेको थियो। न्यायाधीश समाजले उनीमाथि भौतिक आक्रमण गर्नेलाई पनि कानुनी कारबाहीको माग गरेको छ। त्रिपाठीमाथि हातपात गर्ने तीनजनालाई प्रहरीले पक्राउ गरी ज्यान मार्ने उद्योग मुद्दामा अनुसन्धान गरिरहेको छ।

जाँचबुझ...

पृष्ठ १ बाट क्रमशः

सरकारले म्याद त थपेन नै, काम गर्न सामान्य बजेटसमेत नदिएपछि आयोग स्वतः विघटनजस्तै बन्यो। आयोगको कार्यालय हाल बन्द अवस्थामा छ। आयोगको कार्यालय सिंहदरबारस्थित गृह मन्त्रालयको पुरानो भवनमा रहेकोमा हाल बोर्ड तथा नेमप्लेटसमेत हटाइएको छ। तर, आयोग विघटनबारे सरकारले औपचारिक निर्णय केही गरेको छैन।

आन्दोलनरत मिटरब्याजपीडितहरूसँगको सहमतिपछि गत वर्ष चैतमा सरकारले पूर्वन्यायाधीश कार्कीको अध्यक्षतामा गठन गरेको तीन सदस्यीय आयोगमा पुस्कर कार्की र सञ्जीव मिश्र सदस्य थिए। गृह मन्त्रालयका सूचना अधिकारी दिलकुमार तामाङले आयोगको म्याद असोजमा सकिएको, तर थप्ने-नथप्ने विषयमा आफूलाई जानकारी नभएको बताए।

आयोगका एक पदाधिकारीका अनुसार सरकारले बजेटसमेत बन्द गरेपछि सबै काम रोकिएका हुन्। 'सरकारले अप्रत्यक्ष रूपमा काम नगर भनेको जस्तो देखियो,' ती पदाधिकारी भन्छन्, 'बजेट पनि रोकियो, त्यसपछि हामीले पनि काम गर्न छाड्यौं।' गृह मन्त्रालय स्रोतका अनुसार आयोगको म्याद थप्ने गरी सो आयोग विघटन गरेर नयाँ गठन गर्ने भन्ने विषयमा छलफल भए पनि निर्णय हुन सकेको छैन। अघिल्लो सरकारले गठन गरेकै आधारमा हालको सरकारले सो आयोगको म्याद थप नगरेको आरोप लागेको छ।

आयोग गठन भएपछि आह्वान भएको सूचनाअनुसार मिटरब्याजसम्बन्धी थप २९ हजार उजुरी परेका थिए। आयोगले गत १० साउनसम्मको म्याद तोकेर उजुरी मागेको थियो। विभिन्न जिल्लामा २९ हजार ८७८ उजुरी परेका थिए। त्यसमध्ये कतिपय फर्स्योट भइसकेका छन्। प्रतिवेदन नदिँदै सरकारले आयोगलाई निष्क्रिय बनाएपछि पीडितहरू पनि आक्रोशित बनेका छन्।

यसअघि गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोग २०७९ मा करिब २८ हजार उजुरी परेका थिए। आयोगले केही उजुरी फर्स्योट गरेकोमा बाँकी जिल्ला प्रशासन र प्रहरीमार्फत फर्स्योटको सिफारिस गरेको थियो। बाँकी उजुरी प्रहरीमा पठाउने निर्णय सरकारले गरेको थियो। जसअनुसार अहिले पनि प्रहरीले छलफल गराउने र बलियो प्रमाण देखिए मुद्दा चलाउने गरेको छ।

त्यसपछि पनि कतिपय समस्या समाधान नभएको भन्दै गत वर्ष चैतमा मिटरब्याजपीडितहरूले आन्दोलन गरेपछि सरकारले अर्को आयोग गठन गरेको थियो। कतिपय लिखतहरू नै खारेज हुनुपर्ने र साहुकारले खाएका जग्गा फिर्ता हुनुपर्ने पीडितहरूको माग थियो।

मिटरब्याज समस्या समाधानका लागि पटक-पटक समिति र आयोग बन्दै आए पनि समस्या समाधान हुन सकेको छैन। ०७८ मा गृह मन्त्रालयका सहसचिव डा. भीष्मकुमार भुसाल नेतृत्वमा एक समिति बनेको थियो। ०७९ को चैतमा गौरीबहादुर कार्की र १५ चैत ०८० मा नयाँ आयोग बनेको थियो। यो आयोगलाई लिखतको वर्गीकरण गरी फर्जी तथा अवैध लिखत खारेजीको विधि र प्रक्रिया सिफारिस गर्नेसम्मको कार्यादेश दिइएको थियो। साथै मिटरब्याजसँग सम्बन्धित मुद्दामा कोही पीडित जेल परेको भएमा पुनरावलोकन तथा माफी मिनाहका लागि सिफारिस गर्नेसम्मको कार्यादेश दिइएकोमा आयोग आफैं सरकारबाट 'पीडित' बन्न पुगेको छ।

दुई आयोग...

पृष्ठ १ बाट क्रमशः

बुझाए, तर साहुकारले अझैसम्म कपाली कागज दिएका छैनन्। उनले मिटरब्याजी देवनारायणविरुद्ध जिल्ला प्रशासन कार्यालयमा उजुरी हालेको एक वर्ष नाघिसक्दा पनि सुनुवाइ हुन सकेको छैन।

'घरखर्च चलाउन देवनारायणसँग पटक-पटक गरी दुई लाख लिएँ। त्यसबापतको साँवा-ब्याज बुझाइसकेको छु। तर, साहुकारले कपाली कागज दिएनन्। पछि साहुकारले पैसा नदिएको भन्दै सोही कागजका आधारमा मुद्दा हालेपछि अदालतले मेरो सबै जग्गा रोक्का गरेको छ। अदालतले जग्गा लिलामीको प्रक्रिया अगाडि बढाएको छ। अब के गर्ने, के नगर्ने भन्ने तनावमा छु,' उनले भने।

वीरेन्द्रले जिल्ला प्रशासन कार्यालय सप्तरीमा हालेको उजुरीको फाइल जिल्ला प्रहरी कार्यालय पुगेर थन्किएको छ। 'मिटरब्याजविरुद्धको आन्दोलनमा सहभागी हुन पैदलै हिँडेर काठमाडौं पनि गएँ। महिनौंसम्म आन्दोलन भयो, तर अझैसम्म न्याय पाइएको छैन,' उनले भने।

राजविराज नगरपालिका- १३कै शिवकुमारी यादवले नौ वर्षअघि साहुकार देवनारायण यादवसँग ६ लाख रुपैयाँ ऋण लिएकी थिइन्। २० लाखको कपाली तमसुक गरेर १० कट्ठा जग्गा देवनारायणकै नाममा पास पनि गरिदिइन्। दुई वर्षपछि ऋण लिएको रकमबापतको ब्याजसहित आठ लाख ५० हजार रुपैयाँ बुझाइन्। तर, अझैसम्म साहुकार देवनारायणले जग्गा र कपाली तमसुक फिर्ता गरेका छैनन्। शिवकुमारीका अनुसार पैसा तिरेपछि देवनारायणले लालपुर्जा काठमाडौंमा रहेको र ल्याएपछि जग्गा पास र कागज दिन्छु भनेका थिए। तर, न कागज दिएका छन्, त न जग्गा फिर्ता नै भएको छ। शिवकुमारीले मिटरब्याजी देवनारायणविरुद्ध जिल्ला प्रशासनमा उजुरी दिएको एक वर्ष भइसक्यो, तर अझैसम्म सुनवाइ भएको छैन।

'प्रशासनमा उजुरी दिएपछि पटक-पटक छलफल पनि भयो। मैले फेरि दुई लाख २५ हजार दिनुपर्ने भयो। देवनारायणले पैसा नै लिन नमानेपछि छलफल नै हुन छाडेको छ,' उनले भनिन्। न्यायको आशा गर्दै २०-२५ पटकभन्दा बढी जिल्ला प्रशासन र प्रहरी कार्यालय पुगिसकेको उनको गुनासो छ।

सप्तरीको बोदेबरसाइन नगरपालिका- ५ की प्रमिलादेवी सदाले श्रीमान्लाई वैदेशिक रोजगारीमा पठाउन साहुकार राजेन्द्रप्रसाद साहसँग आठ वर्षअघि तीन कट्ठा एक धुर जग्गा पास गरेर ३६ प्रतिशत ब्याजमा एक लाख रुपैयाँ लिएकी थिइन्। श्रीमान् विदेश गएपछि उनले साहुकारसँग थप डेढ लाख ऋण लिइन्। दुई लाख ५० हजार रुपैयाँको साँवा-ब्याजबापत प्रमिलाले एक लाख ४० हजार बुझाइसकेकी छिन्। त्यसयता प्रत्येक वर्ष खेतमा उब्जिएको धान, गहुँ साहुलाई बुझाउँदै आएकी छिन्। तर, अझैसम्म साहुकारले जग्गा फिर्ता गर्न मानेका छैनन्। धेरैपटक आफूले साहुकार साहसँग जग्गा फिर्ता गरिदिन अनुनय विनय गरे पनि चासो नदेखाएको उनको गुनासो छ।

'आज गर्छु, भोलि गर्छु भन्दै टार्दै गएका छन्। धेरैपटक गाउँमा बैठक पनि बस्यो, तर साहुकार साहले मेरो धेरै पैसा बाँकी छ, पहिला पैसा देऊ अनि मात्र जग्गा फिर्ता गर्छु भन्छन्,' प्रमिलाले भनिन्, 'धेरैपटक हिसाब गर्न नमानेपछि बाध्य भएर साहुकार साहविरुद्ध जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएकी छु। एक वर्ष बितिसक्दा पनि अझैसम्म सुनुवाइ भएको छैन।'

माथि उल्लिखित प्रतिनिधिमूलक घटना मात्र हुन्। अझै पनि सप्तरीलगायत मधेशका विभिन्न जिल्लाका हजारौं मिटरब्याजपीडित न्यायको पर्खाइमा छन्। मिटरब्याजपीडितको समस्या समाधान गर्न संघीय सरकारले दुईवटा आयोग र एउटा समिति बनाएको थियो। तैपनि मिटरब्याजपीडितको समस्या ज्युँका त्युँ छ। सप्तरीमा मिटरब्याजपीडितका दुई हजार ७१६ निवेदन परेकामा दुई हजार २४४ अलपत्र छन्। ४४८ निवेदनमा मिलापत्र भएको छ भने २४ मुद्दा मात्रै दर्ता भएका छन्। सप्तरीका प्रहरी प्रवक्ता जितेन्द्र बस्नेतले करिब चार-पाँच हजार उजुरी परेकोमा दैनिक अनुसन्धान भइरहेको, छलफल चलिरहेको र मिलापत्र पनि हुँदै गरेको बताए।

काठमाडौंकेन्द्रित दुई आन्दोलन, दुईपटक नै सहमति, तर भएन कार्यान्वयन

मधेशका मिटरब्याजपीडितले न्यायका लागि काठमाडौंकेन्द्रित आन्दोलन नगरेका पनि होइनन्। २ चैत ०७९ मा महोत्तरीको बर्दिवासबाट पैदल हिँडेर उनीहरू १२औं दिन काठमाडौं पुगेर आन्दोलन गरेका थिए। त्यसपछि सरकार र मिटरब्याजपीडितबिच पाँचबुँदे सहमति पनि भयो। सरकारले मिटरब्याजपीडितका समस्या बुझ्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गरेको थियो। ०७९ मा कार्की नेतृत्वको मिटरब्याजसम्बन्धी जाँचबुझ आयोगले ६ महिनासम्म काम गर्‍यो। आयोगमा ६७ जिल्लाबाट २८ हजार उजुरी परेकोमा पाँच हजार १८८ उजुरीमा मिलापत्र भए। २१८ बिघा १० कट्ठा जग्गा साहुकारबाट पीडितलाई फिर्ता भएको थियो।

तर, कार्की नेतृत्वको जाँचबुझ आयोगबाट समस्या समाधान नभएपछि पीडितहरूले पुनः काठमाडौंकेन्द्रित आन्दोलन गरे। पूर्वी सिमाना काँकडभिट्टास्थित मेची पुल र पश्चिममा कञ्चनपुरको गड्डाचौकीबाट २३ दिन हिँडेर पीडितहरू काठमाडौं पुगे। लगातार १९ दिन आन्दोलन गरेपछि सरकार र आन्दोलनकारीबिच फेरि चारबुँदे सहमति भयो। मिटरब्याजपीडितसँगको सहमतिपछि दोस्रो आयोगका रूपमा ०८० चैतमा सरकारले पूर्वन्यायाधीश तेजबहादुर कार्कीको अध्यक्षतामा आयोग गठन गरेको थियो। गत १५ असोजसम्म म्याद रहेको आयोग आफैं अलपत्र छ। सरकारले न आयोगको म्याद थपेको छ, न कुनै विकल्प नै दिएको छ। मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपालका प्रवक्ता निर्ग नवीनले सरकारले आन्दोलनलाई मत्थर पार्न र समस्यालाई ढाकछोप गर्न खोजेको आरोप लगाए।

१४ माघमा जनकपुरमा आमसभा, त्यसपछि मधेशका ठुला सहर हुँदै काठमाडौंमा

सरकारले मिटरब्याजको समस्या समाधान गर्न कुनै पनि काम अगाडि नबढाएको भन्दै पीडितहरूले तेस्रो चरणका आन्दोलनको घोषणा गरेका छन्। १४ माघमा जनकपुरधाममा मधेशका मिटरब्याजपीडितहरू जम्मा भएर आमसभा गर्न लागिएको मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपालका प्रवक्ता निर्ग नवीनले बताए। लगत्तै, मधेशका अन्य ठुला सहरमा विरोध कार्यक्रम गरेपछि काठमाडौंकेन्द्रित आन्दोलन गर्ने उनले बताए। 'यो सरकार मिटरब्याजपीडितको समस्या समाधान गर्ने पक्षमा छैन। अब हामी तेस्रो चरणको आन्दोलनमा होमिँदै छौं,' नवीनले भने, 'मधेश प्रदेशको राजधानी जनकपुरधाममा १४ माघमा आन्दोलन गर्ने घोषणा गरिसकेका छौं। त्यसपछि जिल्ला-जिल्लाबाट पीडितहरू काठमाडौंकेन्द्रित आन्दोलनमा लाग्नेछन्।'

मधेश प्रदेशमा २४ हजारभन्दा बढी जाहेरी, ६ हजार सात सय मात्र मिलापत्र

मिटरब्याजसम्बन्धी समस्या खासगरी मधेश प्रदेशमै छ। मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार हालसम्म यससम्बन्धी २४ हजार २३५ जाहेरी परेको छ। जसमध्ये ६ हजार ७०७ मा मिलापत्र भएको र १७ हजार ३३९ को सुनुवाइ हुन बाँकी रहेको मधेश प्रदेश प्रहरी प्रवक्ता सुवासचन्द्र बोहराले जानकारी दिए। बोहराका अनुसार २४८ बिघा ६१ कट्ठा ४९ धुर जग्गा प्रहरीले मिलापत्र गराएर फिर्ता गराएको छ। एक अर्ब ६५ करोड ६९ लाख ८८ हजार ८६३ रुपैयाँबराबर रकमको मेलमिलाप भएको उनले बताए। सुनुवाइ हुन बाँकी रहेकामध्ये १८९ मुद्दा दर्ता भएको पनि बताए।

मधेश प्रदेशका प्रहरी नायब महानिरीक्षक लालमणि आचार्यले प्रहरीले सबैलाई बोलाएर दुवै पक्षको कुरा सुनेर मिलाउने प्रयास गरिरहेको बताए। 'समाधान हुँदै छ, मेलमिलाप गर्ने कोसिस गर्दै छौं,' उनले भने, 'भएन भने कानुनबमोजिम मुद्दा चलाउँछौं।'

रेलमा...

पृष्ठ १ बाट क्रमशः

कुल १३ जनाको मृत्यु पुष्टि भएको छ। मृतक चारजना नेपालीको सनाखत भएको नेपाली राजदूतावासले बिहीबार पुष्टि गरेको छ। नेपाली राजदूतावासका काउन्सिलर सञ्जीव शर्मा दासका अनुसार नेपाली नागरिकहरू ४३ वर्षीया कमला भण्डारी, ४० वर्षीय लक्षीराम खत्रु पासी, ११ वर्षीय नन्दुराम विश्वकर्मा र ६० वर्षीया जाभाकला भाटको मृत्यु भएको छ। विश्वकर्मा कोशी प्रदेशका र भाट अछामकी रहेको पुष्टि भएको छ।

'परिवार घटनास्थलमा पुगिसकेको भन्ने जानकारी आएको छ। भारतीय प्रहरीले नजिकको सीमासम्म शव लैजाने व्यवस्था गर्ने जानकारी दिएको छ,' काउन्सिलर दासले टेलिफोनमा नयाँ पत्रिकासँग भने। घटनामा घाइते भएकाहरूमा अछाम मंगलसेनका ३८ वर्षीय ह्युजला सावन्त र ८ वर्षीय धर्मबहादुर सावन्त छन्। यसैगरी, दैलेख दुल्लुका मञ्जु परियार र दुल्लुकै १८ वर्षीय दीपक थापा पनि घाइते भएका छन्। घटनास्थल महाराष्ट्र प्रान्तको राजधानी मुम्बईबाट चार सय किमिको दूरीमा छ।

Province Government
Ministry of Water Supply, Irrigation and Energy
Water Resources & Irrigation Development Division, Taplejung
Koshi Province, Nepal

Notice for Financial Bids Opening

Date of Publication: 2081/10/11 (24th January, 2025)

Pursuant to Rule 31Ja(5) of the Public Procurement Regulation 2064 (including amendments), this is to notify all concerned bidders that, in reference to the notice published on 2081/03/30 (14th July 2024) in "Nepal Samacharpatra" National daily Newspaper, the result of the evaluation of the Technical Proposals of the following Bids are presented below.

Contract No.- IMEP/Taplejung/B-1a/CW-14

Bidder No.	Name of Bidders	Remarks
1	Bidder No. 1: Himalayan Construction, Phungling-4, Taplejung	Responsive
2	Bidder No. 2: YPR/NAMLAK JV, Muskan Chowk, Phidim, Panchthar	Responsive
3	Bidder No. 3: S.A.S. Construction Pvt.Ltd, Biratnagar-16, Morang	Responsive
4	Bidder No. 4: Bhagawati Nirman Sewa Barbote-2, Ilam	Responsive
5	Bidder No. 5 (RK / Sanjeev JV, Phidim-4, Panchthar	Non-Responsive Section 3, Evaluation and Qualification Criteria, Clause 2.3.3 (Financial Resources)
6	Angbuhang Construction, Fungling-3, Taplejung	Non-Responsive Section 3, Evaluation and Qualification Criteria, Clause 2.3.3 (Financial Resources) and Clause 2.4.1 (Contracts of Similar Size and Nature)
7	Bidder No. 7: Ale Nirman Sewa Pvt. Ltd, Fidim-1, Panchthar	Responsive
8	Bidder No. 8: Chemjong Construction Pvt. Ltd, Phalgunanda-7, Panchthar	Responsive

Contract No.- IMEP/Taplejung/B-1a/CW-15

Bidder No.	Name of Bidders	Remarks
1	Himalayan Construction, Phungling-4, Taplejung	Responsive
2	New Deep Jyoti Nirman Sewa, Saraswati Marg-8	Non-Responsive Section 3, Evalauation and Qualification Criteria, Clause 1.7.1
3	YPR/NAMLAK JV, Muskan Chowk, Phidim, Panchthar	Responsive
4	Safal Builders Company Pvt. Ltd, Hetauda-2, Makawanpur	Responsive
5	Prithivi/Prime J.V, Tarakeshwor, Kathmandu	Responsive
6	S.A.S. Construction Pvt.Ltd, Biratnagar-16, Morang	Responsive
7	Bhagawati Nirman Sewa Brbote-2, Ilam	Responsive
8	RK / Sanjeev JV, Phidim-4, Panchthar	Non-Responsive Section 3, Evaluation and Qualification Criteria, Clause 2.3.3 (Financial Resources)
9	Ale Nirman Sewa Pvt. Ltd, Fidim-1, Panchthar	Responsive
10	Angbuhang/Pahadi JV, Fungling-3, Taplejung	Non-Responsive Section 3, Evaluation and Qualification Criteria, Clause 2.4.1 (Contracts of Similar Size and Nature)

The substantially responsive bidders are requested to attend the Financial Proposal opening to be held at 13:00 hours on 2nd Feb, 2025 (2081/10/20) at Water Resources and Irrigation Development Division, Taplejung.

Division Chief

काभ्रेको...

पृष्ठ १ बाट क्रमशः

डढेलो आउन नदिने गरी काम गरिरहेका छन्,' प्रजिअ ढकालले बताए।

बेथानचोक गाउँपालिकाका प्रवक्तासमेत रहेका वडा नम्बर १ का वडाध्यक्ष मधुसुदन तिमल्सिनाका अनुसार चार किलोमिटरभन्दा धेरै क्षेत्रमा डढेलो फैलिसकेको छ। 'बस्तीतिर बढ्न सक्ने सम्भावना छ, पानी नपरेकाले डढेलो नियन्त्रणमा लिन सक्ने अवस्था पनि छैन,' उनले भने।

डढेलो बस्तीदेखि तीन-चार किलोमिटर दूरीनजिक आइसकेको काभ्रे प्रहरी प्रमुख एसपी वसुन्धरा खड्काले बताइन्। यद्यपि, बुधबार रातिको तुलनामा बिहीबार डढेलो फैलने क्रम कम भएको उनको भनाइ छ।

डढेलो नियन्त्रणका लागि बिहीबार डिभिजन वन कार्यालयमा सुरक्षा समितिको बैठक पनि बसेको छ। वन उपभोक्ता समूह, सुरक्षा निकायसँगै वनसँग आबद्ध अन्य सरोकारवालासँगको समन्वयमा डढेलो लागेको क्षेत्र र मानवबस्तीको दूरी यकिन गरी सूचना प्रवाह गर्ने निर्णय भएको डिभिजन वन कार्यालयकी सूचना अधिकारी सरिता लामाले बताइन्।

बेथानचोक नारायणस्थान मन्दिर क्षेत्रमा यात्रामा रोक

बेथानचोकमा रहेको बेथानचोक नारायणस्थान मन्दिर क्षेत्रमा यात्रा नगर्न बेथानचोक गाउँपालिकाले आग्रह गरेको छ। पर्यटकीय क्षेत्र नारायणस्थान मन्दिरलगायत बेथानचोक गाउँपालिका- १, २, ३ र ५ का केही क्षेत्रसमेत डढेलोको जोखिममा रहेकाले डढेलो नियन्त्रणमा नआउन्जेलसम्म त्यस क्षेत्रमा यात्रा नगर्न सूचना जारी गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भण्डारीले बताए। माघ लागेयता वन डढेलो र आगलागीका घटना बढेका छन्। अमेरिकी अन्तरिक्षसम्बन्धी संस्था नासाको मोडिज भूउपग्रहले संकलन गरेको तथ्यांक हेर्दा एक सातायता दैनिक औसतमा एक सय ठाउँमा डढेलो लागिरहेको छ। २४ घण्टामा ७४ ठाउँमा डढेलो देखिन्छ। वन डढेलो अध्येता सुन्दरप्रसाद शर्माले हिउँदमा पनि कम पानी परेकाले डढेलो लाग्न सहयोग पुगेको र अझ बढ्न सक्ने बताए। 'अब झन् सुक्खायाम, हावाहुरी चल्ने समय सुरु भइरहेको छ, चैत-वैशाखमा कस्तो होला भन्न सकिने अवस्था छैन। डढेलो नियन्त्रणका योजना सरकारले तुरुन्त बनाउनुपर्छ। डढेलो लाग्न सक्ने क्षेत्र पहिचान गरेर अग्निरेखा बनाउनतिर लाग्नुपर्छ,' उनले भने।

अन्तर्राष्ट्रिय ख्यातिको नेपाल स्काउटमा भाँडभैलो

जग्गा र संरचना लिएर भाडा नतिर्ने ऊर्जामन्त्री दीपक खड्काको स्वार्थको चेपुवामा स्काउट, असहयोग गरेको भन्दै प्रमुख आयुक्तले गरे प्रमुख निर्देशकलाई निलम्बन

सुवास भट्ट/नयाँ पत्रिका

स्काउट बालबालिका तथा युवालक्षित व्यक्तित्व विकास र सशक्तीकरणका गतिविधि गर्दै आएको अन्तर्राष्ट्रिय ख्यातिप्राप्त संस्था हो। १७६ मुलुक आबद्ध रहेका विश्व स्काउटको एउटा सदस्य नेपाल स्काउट पनि हो। अर्धसरकारी प्रकृतिको नेपाल स्काउटले देशभरि आफ्ना गतिविधि सञ्चालन गर्छ। तर, पवित्र उद्देश्य बोकेको यो संस्थामा यतिबेला भाँडभैलो मच्चिएको छ।

विवादले अक्सर नछाड्ने नेपाल स्काउटको पछिल्लो विवाद उत्कर्षमा छ। स्काउटका पदाधिकारीबिचकै विवाद अहिले सतहमा उत्रिएको हो। यो विवाद अहिले कार्यकारी प्रमुखलाई निलम्बन गर्नेदेखि प्रहरी नै छिरेर कार्यकक्षमा ताला लगाउनुपर्ने स्थितिमा पुग्यो। भलै, युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीको निर्देशनपछि निलम्बनको निर्णय बदर भएर रामप्रसाद भट्टराई पुनः नियमित काममा फर्केका छन्। आन्तरिक रूपमा सम्हाल्नै नसक्ने परिस्थिति निम्तिएपछि अहिले तालुक निकाय युवा तथा खेलकुद मन्त्रालयले हस्तक्षेपको निम्ता पाएको छ।



■ कार्यकारी प्रमुखको कार्यकक्षमा प्रहरीको ताला

बक्यौता छुटको विषयमा प्रमुख आयुक्त रञ्जित र कार्यकारी प्रमुख भट्टराईबिच दरार बढ्दै गयो। यसैबिचमा ४ पुसदेखि घरबिदा लिएका कार्यकारी प्रमुख भट्टराईलाई बिदाकै अवधिमा प्रमुख आयुक्त रञ्जितले स्पष्टीकरण सोधिदिए। कार्यसम्पादन सन्तोषजनक नभएको, आर्थिक हिनामिना गरेको र नेतृत्वलाई नटेरेकोलगायत आरोप भट्टराईमाथि रञ्जितले लगाएका छन्। जवाफ चित्तबुझ्दो नआएको भन्दै उनले २६ पुसमा कार्यकारी प्रमुख भट्टराईलाई निलम्बन गरेका थिए। भट्टराईलाई निलम्बन गरेर उनले सहायक निर्देशकमा युवा संघका अजित लामालाई नियुक्ति दिए। लामालाई कार्यकारी निर्देशकको जिम्मेवारीसमेत प्रदान गरिदिए।

बिदा स्वीकृत गरेर घरमा बसेका वेला आफूमाथि मिथ्या आरोप लगाई गैरकानुनी रूपमा निलम्बन गरेको र नयाँ सहायक निर्देशक नियुक्ति गरेकामा कार्यकारी प्रमुख भट्टराई रुष्ट बने। कार्यकक्षमा बसी नियमित रूपमा काम गरिरहेको समयमा निलम्बन गरेर आफू बस्ने कुर्सीमा अवैध र गैरकानुनी व्यक्तिलाई बसालेको भन्दै उनले त्यसको विरोध गरेका छन्। नेपाल स्काउट नियमावली र प्रचलित कानुनको उल्लंघन गरी नेपाल स्काउटका प्रमुख स्काउट तथा राष्ट्रिय कार्यकारी समितिसँग छलफल र निर्णय नै नगरी प्रमुख आयुक्त एक्लैले मनोमानी रूपमा बहालवाला कार्यालय प्रमुख आफूलाई अवैध र अभद्र व्यवहार गर्दै अनधिकृत व्यक्तिलाई कार्यकक्ष कब्जा गर्न दिएको भन्दै भट्टराईले गत २६ पुसमा प्रेस विज्ञप्ति जारी गरे। आफूलाई निलम्बन गरी प्रमुख आयुक्त रञ्जितले अवैध रूपमा सहायक निर्देशकमा नियुक्ति दिएको विषय कुनै पनि आधारमा कानुनी र वैध मान्न नसकिने उनको दाबी छ।

पछिल्लो केही समयदेखि नेपाल स्काउटको प्रमुख आयुक्तबाट भएका अवैधानिक, अनुशासनहीन र अराजक गतिविधिसँग डटेर लड्दै गर्दा आफूमाथि मानसिक रूपमा तनाव दिने र शारीरिक रूपमा समेत आक्रमण गर्न सक्ने गरी योजनाबद्ध ढंगबाट घटना गराइएको कार्यकारी प्रमुख भट्टराईले विज्ञप्तिमा जनाएका छन्। लामालाई अनधिकृत रूपमा कार्यालय प्रमुखको कुर्सीमा बसालेको र ती व्यक्तिले आफूसमेत अपरिचित मानिसहरूको समूह परिचालन गरी कार्यालय प्रमुखको कार्यकक्ष एवं कार्यालय कब्जा गरी सार्वजनिक सम्पत्तिको असुरक्षा र कार्यालयका कर्मचारीलाई धाकधम्की दिएकाले अविलम्ब कार्यालय र कर्मचारीको सुरक्षाका लागि कार्यकारी प्रमुख भट्टराईले युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीलाई पत्र नै लेखे। गैरकानुनी रूपमा कब्जा गरिएको कार्यालयबाट अनधिकृत मानिसलाई हटाई प्रवेश निषेध गरी कार्यालय र कर्मचारीको शान्ति सुरक्षा कायम अनुरोध गर्दै मन्त्रीलाई पत्र लेखेपछि स्काउटमा प्रहरी नै पुग्यो। विवाद मिल्न नसकेपछि कार्यकारी प्रमुखको कार्यकक्षमा ताला नै लगाइदियो।

विवाद जारी नै रहँदा स्काउट ऐनबमोजिम प्रमुख स्काउटसमेत रहने मन्त्री चौधरीले कार्यकारी प्रमुख भट्टराईको निलम्बन र गैरकानुनी रुपमा गरिएको कर्मचारी नियुक्ति बदर गर्न निर्देशन दिए। कार्यालय प्रमुखका रुपमा नियमित काम गर्न मन्त्री चौधरीले लिखित निर्देशन दिएपछि भट्टराई शुक्रबारदेखि पुनः काममा फर्केका छन्।

■ एकपछि अर्को गलत कदममा प्रमुख आयुक्त रञ्जित

प्रमुख आयुक्त रञ्जितले कार्यकारी प्रमुख भट्टराईमाथि विभिन्न आरोप लगाएर निलम्बन गरेका छन्। 'उहाँ (कार्यकारी प्रमुख)ले राष्ट्रिय कार्यकारी समितिको निर्वाचित अध्यक्ष प्रमुख आयुक्तलाई नै टेर्नुभएन, सबै आफ्नो हिसाबले गर्न खोज्नुभयो। आर्थिक अनियमितता र कर्मचारी नियुक्तिमा पनि मनपरी गर्नुभयो। बाध्य भएर उहाँलाई निलम्बन गरेको हुँ।' स्काउट नियमावलीमा टेकेर कानुनबमोजिम नै ६ महिनाका लागि लामालाई सहायक निर्देशकको नियुक्ति दिएको उनले बताए। यो अधिकार आफूलाई भएको उनको दाबी छ। यस विषयमा कार्यकारी समितिसँग पनि छलफल गरिरहेको उनले बताए। यद्यपि, यसअघि नै मन्त्रीको निर्णयबाट भट्टराईको निलम्बन बदर भइसकेको छ।

तर, कार्यकारी प्रमुखलाई हटाउने सम्बन्धमा प्रमुख आयुक्त रञ्जितले गरेको निर्णयमा त्रुटि देखिन्छ। कुनै स्पष्ट आरोप र त्यसको पुष्ट्याइँविनै उनले भट्टराईलाई निलम्बन गर्दै उनको ठाउँमा लामालाई नियुक्ति दिएका थिए। रञ्जितको गलत, गैरकानुनी र अवैध आदेश आफूले मान्नुपर्छ भन्ने नरहेको भट्टराईको दाबी छ। 'उहाँ मलाई निलम्बन गर्ने निकाय होइन। निलम्बन गर्ने हो भने त्यसको विधि छ। व्यक्तिगत रूपमा कसैप्रति चित्त बुझेन भनेर निलम्बन गर्न मिल्दैन,' भट्टराईले नयाँ पत्रिकासँग भने, 'म भागेको छैन। संवैधानिक अंग वा राज्यको अर्को स्वतन्त्र निकायले छानबिन गरोस्। तर, उहाँले व्यक्तिगत रूपमा छानबिन गर्ने होइन। उहाँले बनाएको समितिमाथि पनि मलाई विश्वास छैन।'

बारम्बार अनुशासनहीन र गैरजिम्मेवार कार्य गरेको भन्दै २२ पुसमा प्रमुख आयुक्त रञ्जितले तीन दिनभित्र स्पष्टीकरण बुझाउन कार्यकारी प्रमुख भट्टराईलाई पत्र पठाएका थिए। तर, स्पष्ट आधारविना बदनियतपूर्ण तरिकाले स्पष्टीकरण सोधेको भन्दै भट्टराईले पत्रको अर्थ आफ्नो हिसाबले गर्न खोज्नुभयो,' रञ्जितले नयाँ पत्रिकासँग भने, 'आर्थिक अनियमितता र कर्मचारी नियुक्तिमा पनि मनपरी गर्नुभयो। बाध्य भएर उहाँलाई निलम्बन गरेको हुँ।' स्काउट नियमावलीमा टेकेर कानुनबमोजिम नै ६ महिनाका लागि लामालाई सहायक निर्देशकको नियुक्ति दिएको उनले बताए। यो अधिकार आफूलाई भएको उनको दाबी छ। यस विषयमा कार्यकारी समितिसँग पनि छलफल गरिरहेको उनले बताए। यद्यपि, यसअघि नै मन्त्रीको निर्णयबाट भट्टराईको निलम्बन बदर भइसकेको छ।

तर, कार्यकारी प्रमुखलाई हटाउने सम्बन्धमा प्रमुख आयुक्त रञ्जितले गरेको निर्णयमा त्रुटि देखिन्छ। कुनै स्पष्ट आरोप र त्यसको पुष्ट्याइँविनै उनले भट्टराईलाई निलम्बन गर्दै उनको ठाउँमा लामालाई नियुक्ति दिएका थिए। रञ्जितको गलत, गैरकानुनी र अवैध आदेश आफूले मान्नुपर्छ भन्ने नरहेको भट्टराईको दाबी छ। 'उहाँ मलाई निलम्बन गर्ने निकाय होइन। निलम्बन गर्ने हो भने त्यसको विधि छ। व्यक्तिगत रूपमा कसैप्रति चित्त बुझेन भनेर निलम्बन गर्न मिल्दैन,' भट्टराईले नयाँ पत्रिकासँग भने, 'म भागेको छैन। संवैधानिक अंग वा राज्यको अर्को स्वतन्त्र निकायले छानबिन गरोस्। तर, उहाँले व्यक्तिगत रूपमा छानबिन गर्ने होइन। उहाँले बनाएको समितिमाथि पनि मलाई विश्वास छैन।'



■ **महेन्द्रराज रञ्जित**, प्रमुख आयुक्त
नेपाल स्काउट

'उहाँ (कार्यकारी प्रमुख)ले राष्ट्रिय कार्यकारी समितिको निर्वाचित अध्यक्ष, प्रमुख आयुक्तलाई नै टेर्नुभएन, सबै आफ्नो हिसाबले गर्न खोज्नुभयो। आर्थिक अनियमितता र कर्मचारी नियुक्तिमा पनि मनपरी गर्नुभयो। बाध्य भएर उहाँलाई निलम्बन गरेको हुँ।

■ **रामप्रसाद भट्टराई**, प्रमुख निर्देशक, नेपाल स्काउट

उहाँ (प्रमुख आयुक्त) मलाई निलम्बन गर्ने निकाय होइन। निलम्बन गर्ने हो भने त्यसको विधि छ। व्यक्तिगत रूपमा कसैप्रति चित्त बुझेन भनेर निलम्बन गर्न मिल्दैन। संवैधानिक अंग वा राज्यको अर्को स्वतन्त्र निकायले छानबिन गरोस्। उहाँले बनाएको समितिमाथि पनि मलाई विश्वास छैन।



■ मन्त्रीको बक्यौताले निम्त्याएको विवाद



नेपाल स्काउटको जग्गा र संरचना उपभोग गरेर सम्झौताबमोजिम भाडा नतिरेको हाल ऊर्जामन्त्री रहेका दीपक खड्काको कम्पनी खड्काल्यान्ड डेभलपमेन्ट प्रालिको बक्यौतासम्बन्धीको विषयले पछिल्लो विवादको बीजारोपण गरेको हो। सकेसम्म बक्यौता तिर्ने नखोज्ने खड्काल्यान्डको दाउपेचले विवाद यो तहमा पुऱ्याएको हो।

मन्त्रीको कम्पनीले स्काउटको जग्गा तथा संरचनाको वर्षौंदेखिको बक्यौता नतिरेको विषय राजनीतिक मुद्दासमेत बनेपछि गत २६ पुसमा खड्काल्यान्ड र नेपाल स्काउटबिच एउटा सम्झौता भयो। १० दिन (६ पुस) भित्र बक्यौताको साँवा रकम भुक्तानी गर्ने गरी स्काउटका तर्फबाट प्रमुख आयुक्त महेन्द्रराज रञ्जित र खड्काल्यान्डबिच सम्झौता भएको थियो। यसबमोजिम समयसीमाभित्र खड्काल्यान्डले साढे दुई करोड रुपैयाँहाराहारीमा साँवा बक्यौता खातामा दाखिला गरिसकेको स्काउटले जनाएको छ। सकेसम्म बक्यौता नै नतिर्ने कोसिसमा रहेको खड्काल्यान्डको नियतमा प्रमुख आयुक्त रञ्जितले नै सहयोगी भूमिका खेलिदिएपछि यसले स्काउटभित्र विवाद निम्त्याउँदै आएको छ। तिर्छु भनेको साँवा बक्यौतामा पनि कोभिड अवधिको ५० लाख रुपैयाँ बक्यौता छुटको माग खड्काल्यान्डले गरेको छ। छुटका लागि रञ्जितले ४ र १६ पुसमा कार्यकारी समिति बैठक पनि डाके। तर, समितिबाट निर्णय गराउन सम्भव नभएपछि टिप्पणीमार्फत छुट गराउन उनी लागे। यसमा कार्यकारी प्रमुख निर्देशक रामप्रसाद भट्टराईले असहमति जनाए। यहींदेखि प्रमुख आयुक्त र कार्यकारी प्रमुखबिच फाटो आयो। जरिवाना बक्यौताको दुई करोड ७८ लाख ६१ हजार पाँच सय रुपैयाँको विषय अझै थाती नै छ।

■ संस्थाभित्रको किचलोले अन्तर्राष्ट्रिय रूपमा गलत सन्देश जाने जोखिम

नेपाल स्काउट अर्धसरकारी प्रकृतिको संस्था हो। हाल स्काउट ऐन, २०५० अनुसार सञ्चालित स्काउट स्वायत्त निकाय हो। विश्व स्काउटको सिद्धान्त र मान्यताअनुरूप कार्यक्रम सञ्चालनका लागि विश्व स्काउट संगठन र सदस्य राष्ट्रले वार्षिक रूपमा बजेट पनि उपलब्ध गराउँछ। तिनबाट वार्षिक रूपमा १५ देखि २० करोड रुपैयाँ नेपाल स्काउटमा आउँछ। यसबाट विभिन्न कार्यक्रम र आयोजना चल्ने गरेका छन्। यसका अतिरिक्त सरकारले पनि स्काउटलाई सञ्चालन खर्च दिन्छ। वार्षिक चार करोडको हाराहारीमा सरकारले नेपाल स्काउटलाई सञ्चालन खर्चबापत बजेट दिन्छ। विश्वव्यापी संगठनभित्रको आन्तरिक कलह र गलत गतिविधिले अन्तर्राष्ट्रिय रूपमा पनि सही सन्देश नजाने सरोकारवालाहरूको भनाइ छ।

संक्षेप

करणीको प्रयास गरेको भन्दै ५५ वर्षीय पुरुषविरुद्ध जाहेरी

हेटौंडा/ मकवानपुरको हेटौंडा उपमहानगरपालिका- ९ मा नौ वर्षीया बालिकामाथि करणीको प्रयास गरेको भन्दै ५५ वर्षीय पुरुषविरुद्ध प्रहरीमा जाहेरी परेको छ। मकवानपुर प्रहरीका प्रहरी निरीक्षक विश्वम्भर शाहले एकजना पुरुषविरुद्ध पीडित बालिकाको परिवारले जाहेरी दिएको र अनुसन्धान भइरहेको बताए। गोपनीयता र अनुसन्धान प्रभावित नहोस् भनेर जाहेरी परेका व्यक्तिबारे विवरण खुलाउन नसकिएको उनले बताए। पीडित परिवारको जाहेरीका आधारमा पुरुषलाई पक्राउ गर्न प्रहरीको सम्बन्धित युनिटलाई खटाइसकिएको पनि शाहले बताए। उनका अनुसार पीडित बालिका र परिवारका सदस्यसँग घटनाबारे जानकारी लिने काम सकिएको छ, स्वास्थ्य परीक्षणका लागि प्रक्रिया अगाडि बढाइएको छ।

अखिल क्रान्तिकारीको अध्यक्षमा ६ जनाको उम्मेदवारी

काठमाडौं/ माओवादीआबद्ध विद्यार्थी संगठन अनेरास्ववियु क्रान्तिकारीको नयाँ नेतृत्व चयनका लागि अध्यक्ष पदमा ६ जनाको उम्मेदवारी परेको छ। अनलाइन उम्मेदवारी दर्ता आह्वान गरिएकोमा अध्यक्षमा हेमन्त राई, विजयप्रकाश शर्मा सापकोटा, उपदेशकुमार यादव, सुदीन पौडेल, विश्वमणि थापा र योगन्द्रबहादुर बुढाले उम्मेदवारी दिएका हुन्। यस्तै, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्षसहित केन्द्रीय कमिटी र केन्द्रीय आयोगका सबै पदमा उम्मेदवारी दर्ता भएको छ। निर्वाचन आयोगको कार्यतालिकाअनुसार उम्मेदवारीउपर दाबीविरोधको छानबिन भइरहेको र सकिएपछि शुक्रबारभित्र अन्तिम नामावली प्रकाशन हुने आयोगका अध्यक्ष मुक्ति प्रधानले बताएका छन्। क्रान्तिकारीको विधानअनुसार २४३ सदस्यीय केन्द्रीय कमिटीमा ३३ जना पदाधिकारी, ४८ सचिवलाय सदस्य र १६२ जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन्। २३औं राष्ट्रिय सम्मेलनका लागि १२ माघमा मतदान गर्ने कार्यक्रम छ।

लेखा समिति सभापतिका पूर्वस्वकीय सचिवलाई पाँच लाख धरौटी माग

विराटनगर/ पार्टीको कोटाबाट एमबिबिएसमा नाम निकालिदिने भन्दै लाखौं ठगी आरोपमा पक्राउ परेका संघीय संसद् सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलका पूर्वस्वकीय सचिव अनिलकुमार पोखरेललाई अदालतले पाँच लाख धरौटीमा छाड्न आदेश दिएको छ। बिहीबार जिल्ला अदालत मोरङका न्यायाधीश चित्रबहादुर गुरुङको इजलासले आरोपी पोखरेललाई पाँच लाख धरौटीमा बाहिर बसेर मुद्दाको पुर्पक्ष गर्न पाउने गरी छाड्न आदेश दिएको हो। जिल्ला अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीका अनुसार एमाले जिल्ला सदस्य तथा सभापति पोखरेलका पूर्वस्वकीय सचिव मोरङ रंगेली नगरपालिका-२ का अनिल पोखरेलविरुद्ध ठगी कसुरमा ९ माघामा मुद्दा दर्ता भएको थियो। उनी २५ पुसमा पक्राउ परेका थिए। सप्तरी अग्निसाइर कृष्णसवरन गाउँपालिका- ५ बकधुवाका बौआलाल चौधरीसँग पोखरेलले एमाले कोटाबाट एमबिबिएसमा छोरीको नाम निकालिदिने भन्दै विभिन्न मितिमा ३८ लाख ८० हजार रुपैयाँ लिएको आरोप छ।

सुमेरु सहकारीको तीन शाखा कार्यालयमा तालाबन्दी

मकवानपुर/ बागमती प्रदेश सरकारले ललितपुरमा रहेको सुमेरु सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेडको तीनवटा कार्यालयमा तालाबन्दी गरेको छ। गत २८ पुसमा समस्याग्रस्त घोषणा गरिएको उक्त सहकारीमा बिहीबार समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालय काठमाडौंको टोलीले तालाबन्दी गरेको हो। टोलीले सुमेरु सहकारीको पुलचोकस्थित मुख्य कार्यालयसहित दुई शाखामा तालाबन्दी गरिएको समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालय काठमाडौंका प्रमुख महेश आचार्यले जानकारी दिए। उनका अनुसार प्रधान कार्यालयसहित धापाखेल र गठ्ठाघरको शाखा कार्यालयमा तालाबन्दी गरिएको हो। टोलीले सहकारीको आवश्यक कागजपत्र र कम्प्युटरका हार्ड डिक्स सिज गरेको उनको भनाइ छ। सो सहकारीको गत ८ माघमा नै खाता रोक्का गरिएको थियो।

सभापतिसहित सत्तारूढ सांसदले दुर्व्यवहार गरेको सांसद विनिता कठायतको आरोप

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद विनिता कठायतले आफूमाथि कांग्रेस र एमालेका सांसदहरूले रक्सीले मातेर दुर्व्यवहार गरेको आरोप लगाएकी छिन्। उनले यो विषय संसदीय समितिमै उठाएकी हुन्।



डढेलो नियन्त्रणको विषयमा छलफल गर्न बुधबार बसेको प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति बैठकमा सदस्य कठायतले पोखरा अनुमगनका क्रममा दुर्व्यवहार भएको बताइन्। सांसदहरूले दुर्व्यवहार गरे सभापतिलाई भन्नुहुन्थ्यो, तर सभापति नै दुर्व्यवहारमा संलग्न भएकाले समितिमै बोल्न बाध्य भएको कठायतको भनाइ थियो। दुर्व्यवहारबारे समितिमा सुनाउँदा कठायत र सभापति कुसुमदेवी थापाबिच सवालजवाफ भएको थियो। समिति सचिवालयका अनुसार १९ पुसमा सभापति थापासहित आठ सदस्यीय टोली लुम्बिनी र गण्डकी प्रदेशको अनुगमनमा गएको थियो। टोलीमा कांग्रेसबाट सभापति थापासहित वीरबहादुर बलायर, एमालेबाट सरस्वती सुब्बा र सूर्यप्रसाद ढकाल, माओवादीकी रूपा सोसी चौधरी, रास्वपाका अशोककुमार चौधरी र संसद् सचिवालयका उपसचिव शिवदत्त बराल थिए। गण्डकीको अनुगमन तथा अन्तर्क्रियामा चौधरीले नभ्याउँदा रास्वपाबाट कठायत सहभागी भएकी थिइन्। मुख्यमन्त्रीसहित अन्नपूर्ण संरक्षित क्षेत्र, विभिन्न पालिकाका जनप्रतिनिधिको उपस्थितिमा अन्तर्क्रिया सम्पन्न भयो। पोखराको ल्यान्डमार्क होटेलमा बसेको संसदीय टोलीनजिकै रेस्टुरेन्टमा मदिरासहित जलपानमा जाँदा रास्वपा नेताहरूको विषयलाई लिएर विवाद भएको टोलीका एक सांसदले बताए। कठायतका अनुसार रास्वपा पार्टी नै ठग भएको, नेताहरूले विदेशीसँग बिहे गरेको, धेरैजनासँग बिहे गरेको, विवाहमा विवादितले प्रधानमन्त्री र कांग्रेस सभापतिलाई प्रश्न गरेको, बाझेको भनेर समिति सभापति थापासहित कांग्रेस सांसद बलायर र एमाले सांसद सुब्बाले दुर्व्यवहार गरेको सांसद कठायतले बताइन्। दुर्व्यवहार गरेको विषयलाई सभापति थापाले समिति बैठकमै सहमति जनाउँदै 'तपाईंलाई त्यतिकै ह्यारेसमेन्ट' गर्न खोजे होलान्। तपाईंका कुरा छैनन् ?' भनेकी थिइन्।

कठायतले समिति बैठकमा 'कुन माननीयले कति विवाह गऱ्यो, सुमनाले कतिजना विवाह गऱ्यो भन्ने तपाईंहरूको सरोकारको विषय हो ? सोविता गौतमले के बोल्यो भन्ने तपाईंहरूको सरोकारको कुरा हो ? तपाईंहरूले निर्णय गर्ने हो सुमनालाई देश निकाला गर्ने भनेर ? के गरेको छ देश निकाला गर्न ? यी विषय समितिको अनुगमनअन्तर्गत पर्छ ?' भनेर प्रश्न गरेकी थिइन्, 'रवि लामिछानले कोसँग विवाह गऱ्यो भनेर ह्यारेसमेन्ट गर्ने ?'

बाँके र बर्दियालाई कर्णालीमा गाभ्न साथ दिने प्रचण्डको आश्वासन

बाँके/ पूर्वप्रधानमन्त्री तथा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बाँके र बर्दियालाई कर्णाली प्रदेशमा गाभ्ने विषयमा उठेको आवाजलाई सम्बोधन गर्ने बताएका छन्। बिहीबार नेपालगन्जमा सुरु भएको प्रादेशिक महोत्सव उद्घाटनका क्रममा उनले यो विषयलाई राजनीतिक दलका बिचमा राख्ने बताएका हुन्।



उनले पछिल्लो समय बाँके र बर्दियालाई कर्णाली प्रदेशमा गाभ्नुपर्ने आवाजबारे जानकार रहेको बताउँदै १० वर्षपछि संविधान र प्रदेश हेरफेर गर्ने राजनीतिक दलबिच पहिले नै सहमति भएकाले दलहरूबिच प्रस्ताव राख्ने प्रस्ट पारे।

नेपालगन्ज उद्योग वाणिज्य संघले नेपालगन्जमा बिहीबारदेखि प्रादेशिक महोत्सव आयोजना गरेको छ। महोत्सव उद्घाटन गर्दै उनले भने, 'बाँके र बर्दियालाई लुम्बिनी प्रदेशमा राख्दा नेपालगन्ज ओझेलमा परेको महसुस गरेको थिएँ। संघीयतापछि नेपालगन्जको साख गुमेको छ। यसको साखलाई पुनर्जीवित गर्न जुन आवाज उठेको छ, यसप्रति गम्भीर छु।' सो अवसरमा प्रतिनिधिसभा सदस्य एवं कांग्रेस सहमहामन्त्री किशोरसिंह राठौरले नेपालगन्जको स्वरूप फेरिएको बताउँदै आर्थिक मन्दी नेपालगन्जमा मात्र नभई सिंगो देशमा भएकाले हरेस नखान आग्रह गरे।

यस्तै, प्रतिनिधिसभा सदस्य दीपा शर्माले संघीयताको खाका निर्माण गर्ने क्रममा बाँके र बर्दियालाई कर्णाली प्रदेशमा राख्ने माग उठे पनि राजनीतिक दलको सहमतिमा लुम्बिनी प्रदेशमा राखिएको बताइन्। उनले संविधान संशोधन गर्ने बहस चलिरहेको बताउँदै यस विषयमा संसद्ले उचित निर्णय गर्ने धारणा राखिन्। नेपालगन्जका मेयर प्रशान्त विष्टले बाँके र बर्दियालाई कर्णाली प्रदेशमा गाभे मात्र नेपालगन्जको विकास हुने धारणा राखे। उनले संघीयतापछि नेपालगन्जमा रहेका सरकारी तथा गैरसरकारी कार्यालय अन्यत्र सरेको बताउँदै उद्योगधन्दासमेत धराशयी भएको बताए। 'बाँके र बर्दियालाई कर्णालीमा गाभे मात्र नेपालगन्जको उत्थान सम्भव छ,' उनले भने।

अब नयाँ 'लुक्स'मा न्युरोड

काठमाडौं महानगरले बनाउँदै छ न्युरोडका हरेक घरका भित्ता सेता, झ्याल-ढोका र सटर हरिया

शिवहरि घिमिरे/नयाँ पत्रिका

राणाकालीन समयमा काठमाडौंको न्युरोड क्षेत्रको स्वरूप बेग्लै थियो। जुद्धशमशेरको सालिकदेखि हालको न्युरोड छिर्ने प्रवेशद्वारसम्म बनेका घरहरू एकैनास देखिन्थे। सबै घरहरू तीन तलासम्मका थिए। वसन्तपुर दरबार क्षेत्र प्रवेशमार्गसमेत रहेको न्युरोड सडक क्षेत्रका घरहरू त्यसबेला हेर्दै दरबारभैं देखिन्थे। जुद्धशमशेरले यस क्षेत्रलाई एकरूपता दिन सेतो रंग लगाउन घरधनीहरूलाई लगाएका थिए।

तर, समयक्रमअनुसार न्युरोडको रूपरंग नै बदलियो। पछिल्लो ५०-६० वर्षको अन्तरालमा न्युरोडले पुरानो रूप गुमायो। पुराना घरहरू भत्काउँदै ९-१० तलेसम्मका अग्ला भवनहरू बन्न थाले। घरका रंगहरू पनि फेरिए। स्थानीयले आफूखुसी रंग र शैली अपनाए। समयक्रमसँगै भद्रगोल र अस्तव्यस्त देखिएको न्युरोडलाई फरक 'लुक्स' दिने अभियानमा जुटेको छ काठमाडौं महानगरपालिका। भवन भत्काउन सम्भव नभए पनि सबै घरमा समान रंग लगाएर एकरूपतामा सुन्दरता खोज्न महानगर लागिपरेको हो।

वडा नं. २४ मा पर्ने ६० वटा घरमा वडा कार्यालयले घरधनीहरूसँग समन्वय गरेर उनीहरूकै खर्चमा घरहरूको रंग एउटै बनाउने अभियान थालिसकेको छ। अब न्युरोडका सबै घरका भित्ता सेतो तथा झ्याल-ढोका र सटर हरियो रंगका हुनेछन्। महानगरको अनुरोधमा एक सातादेखि घरधनीहरू आ-आफ्ना घर रंग्याउन व्यस्त छन्। अबको १० दिनभित्र सबै घर रंग्याएर सकिनेछ। वसन्तपुर क्षेत्रका स्थानीय गौतम शाक्य सहरीकरणसँगै न्युरोडको मौलिकता हराएको बताउँदै एउटै रंग लगाउनु सकारात्मक रहेको बताउँछन्। 'जुद्धशमशेरको पालामा यहाँ तीन तलाका मात्रै घरहरू थिए, लस्करै घर र त्यसको एकरूपता भएकाले न्युरोडनजिकैको नाम झोछे हुन पुगेको हो, तर बिस्तारै मौलिकता बिग्रिएको थियो।' उनका अनुसार न्युरोडको क्षेत्रफल हाल दमकल रहेको स्थानस्थित नौतले दरबारदेखि न्युरोड गेटसम्मको हो। यहाँ करिब ६० घरहरू छन्।



न्युरोडका घर रंग्याउँदै मजदुर। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

■ **विनोद राजभण्डारी**, वडाध्यक्ष



जुद्धशमशेरको पालामा यहाँका घर सेतो रंगका थिए, न्युरोड भनेपछि सबैले याद गर्ने किसिमको संरचना थियो, तर सहरीकरण र समयक्रमअनुसार त्यो स्वरूप मेटिँदै गयो। यसकारण हामीले पुरानै मौलिकता र एकरूपता दिन खोजेका हौं, यसबारेमा काम थाल्नुअघि व्यवसायी र घरधनीसँग छलफल गरेर उहाँहरू सहमत भएपछि काम अघि बढाइएको हो।

■ खर्च सबै घरधनीले नै व्यहोर्ने सहमति

काठमाडौं- २४ का वडाध्यक्ष विनोद राजभण्डारीले न्युरोडको स्वरूप कुनै समय एउटै भएकाले सोही अवधारणाअनुसार एकरूपता दिन खोजिएको जानकारी दिए। उनका अनुसार रंग लगाउँदा आउने खर्च सबै घरधनीले नै व्यहोर्ने सहमतिपछि काम थालिएको हो।

यस्तै, महानगरका मेयर बालेन्द्र शाहका स्वकीय सचिव भूपदेव शाह न्युरोड पहिलेदेखि नै व्यापारिक र सम्पदाको केन्द्रबिन्दुका रूपमा रहेकाले यसको पुरानो मौलिकतालाई ध्यानमा राख्दै एकरूपता दिन लागिएको बताउँछन्। सम्पदा अभियन्ता यादवलाल कायस्थ महानगरले गर्न लागेको एकरूपताको पहलकदमी राम्रो भएको बताउँछन्।

अरे ओ बंगलादेश ! – १

नेताका निजी स्वार्थ र अपराधपूर्ण सम्बन्धलाई पार्टी र आन्दोलनको संकट मानेर प्रतिरक्षा गरिरह्यौँ भने यो नेतातन्त्रले समाजका आशा समाप्त पार्नेछ





● कृष्णज्वाला देवकोटा

फरक मत

(सुरुमै भनौँ, यो कुनै सम्पादक वा प्रकाशकको टिप्पणी होइन । यो केवल एउटा नागरिकको इमानदार आत्मस्वीकारोक्ति र आत्मसमीक्षा हो ।)

मेरो पुस्ताका लगभग सबैको विचार-निर्माण राजनीतिक आन्दोलनहरूसँग जोडिएर भयो । त्यो किशोरवयमा एकातिर थियो पञ्चायती संस्थापन, अर्कातिर थिए वाम र प्रजातान्त्रिक आन्दोलन । ०४६ सालको जनआन्दोलनको सफलतापछि सबैजसो नागरिक पार्टीहरूमै संगठित भए, बचेखुचेका पनि पार्टीहरूकै किनारै किनार हिँडे । हुनुपर्ने थियो, समाजको राजनीतीकरण, तर भयो नांगो पार्टीकरण । पार्टीहरू राजनीतिक आन्दोलन रहेनन्, धार्मिक सम्प्रदायसरह भए । चुनाव चिह्न, पार्टीका झन्डा र नेताका तस्बिरले राजनीतिकभन्दा पनि आध्यात्मिक महत्त्व राख्न थाले । उन्माद र विवेकहीनता कति चर्को भयो भने पार्टीका नाममा घर-घर विभाजित भए, परिवार-परिवार विभाजित भए । हामीले आफ्नो विवेक नै पार्टीको बन्धक बनायौँ । राजनीति देशको सबैभन्दा संगठित उद्योग र नेताहरू त्यसका मालिक भए । असल कार्यकर्ता बन्ने चक्करमा हामी असल नागरिकको धर्मबाट विमुख हुँदै गयौँ ।

सहर र गाउँका चिया पसलमा हेर्नुपर्छ, आफूले कहिल्यै थाहा नपाएको नक्कली भुटानी शरणार्थी बिक्रीको कलंक एउटा निमुखो कांग्रेस कार्यकर्ताले बोकिरहेको छ । कहिल्यै नदेखेको गिरिबन्धु वा नचिनेका यती र ओम्नीको बरखी एमालेको कार्यकर्ताले बारिरहेको छ । शेरा दरबार वा सहकारीका नाममा माओवादी वा रास्वपाको कार्यकर्ता संकोचले लुकिरहेको छ । यता केपी ओलीले मीनबहादुर गुरुङको दान ग्रहण गर्छन्, उता कहिल्यै भाटभटेनी नटेकेको चिया पसलको दुःखी एमाले समाजसँग आँखा झुकाउँछ । यता भुटानी शरणार्थी र वाइडबडीको हिसाब सुरु हुन्छ, उता कहिल्यै जहाज नचढेको दुःखी कांग्रेसको टाउको झन्झनाउँछ । यहाँ प्रश्न एउटै छ, नेताहरूका यति धेरै अपराध र कलंकको भारी बोकी-बोकी र दुनियाँसँग आँखा झुकाई-झुकाई हामी फलाना पार्टीमा भइरहन पर्ने मजबुरीचाहिँ के छ ? यो देश बनाउने हो भने नागरिकले सुधार यहीँबाट सुरु गर्नुपर्छ । एकपटक सबै सदस्यता त्यागेर आत्मसमीक्षा गर्नुपर्छ ।

कार्यकर्ताको मनोविज्ञान आफूले सदस्यता लिएकै ठाउँमा छ । ऊ अझै पनि आफूलाई आन्दोलनको हिस्सा मान्छ । तर, पार्टीहरू कर्पोरेट भइसकेका छन् । नेताका लागि कार्यकर्ता बढीमा निःशुल्क दास हो । आफ्नै छोराछोरीसँग आँखा झुकाएर पार्टीको सदस्यता थामिरहेको निमुखा कार्यकर्तालाई नेताले आजकल दिनदिनै माथिबाट हप्काइरहेको छ, मेरो समाचार किन सेयर गर्दैनस् ? किन लाइक गर्दैनस् मेरो फोटो ? किन प्रतिरक्षा गर्दैनस् मेरो अपराधको ? किन लड्दैनस् छिमेकीसँग ? किन हप्काउँदैनस् छोराछोरी ? विदेशीसँग ऋण गरेर ल्याएको पैसाले जग्गा दलालको स्वार्थमा पहाडको फेदीमा भ्युटावर बनाउँछन् यिनीहरू । जबकि देशमा एउटै सुविधासम्पन्न रंगशाला नभएर खुला चौरमा खेलिन्छ क्रिकेट विश्वकपको तयारी खेल । खेलाडीले कतै जिते भने फेरि यिनैले एउटै पदक चार-पाँच ठाउँमा बाँडेर सोसल मिडियामा फोटो राख्छन् । अनि, यिनैले सोध्छन्- नबनेको रंगशालामा हामीविरुद्ध नाराबाजी गर्ने राष्ट्रघाती को हो ? र, सिसिटिभी हेरेर खोजीखोजी पक्राउ गर्छन् ।

एकपटक आजको राजनीतिमा प्रवेश गरौँ । प्रधानमन्त्री केपी ओलीले पार्टीको केन्द्रीय कमिटी बैठकमा भने, 'संविधान संशोधन हुन्छ, तर ०८७ सालमा ।' पदाधिकारीले सुधार्न खोजे, '०८३ साल होला ।' ओलीले दोहोर्‍याए, 'होइन, ०८७ साल नै हो ।' कांग्रेसका केही उपबुज्रुकहरू त्यहीवेला कुनै कार्यक्रममा संविधान संशोधन हुने विषयहरूको व्याख्यात्मक विवरण बताइरहेका थिए । अहिले ती अनुहार लुकाउँदै ओलीलाई सातबुँदे सम्झाउँदै छन् ।

खासमा ओलीलाई सम्झाउनुपर्ने कुनै बुँदा छैन । बेचन झाको गिरफ्तारीपछि बेचैन भाउजूले दहीचिउरा खाने दिनको छेको पारेर हात समात्दै दाइलाई बालकोट पुर्‍याइन् । अत्यन्तै चतुर्‍याइँपूर्वक आफैँ त्यो वातावरण बनाइरहेका 'बा'ले मौका गुमाउने कुरै भएन । त्यसै मध्यरात एकजना सन्तका घरमा तमसुक बन्यो । यो पूरै प्रक्रियामा नेपाली कांग्रेसका पदाधिकारी, कार्यसम्पादन समितिका सदस्य कोहीकतै संलग्न थिएनन् । यो कुनै गठबन्धन थिएन, आफ्नो संकट टार्न दाइ-भाउजूले बालकोटमा कांग्रेस बेचेका थिए । तर, त्यसको विपक्षमा कोही बोलेन । न युवा, न बाल, न वृद्ध कांग्रेस । बरु, हतारहतार मन्त्रालयको भाग लगाएर जेठा, माइला, जन्तरे, अन्तरेले बिक्रीको साक्षी बसेको मूल्य ग्रहण गरे । आज तिनीहरू नै अतिरिक्त संस्थापन बन्न र जिम्मा लिन हतारिएको देख्दा दया लाग्छ । शेरबहादुर देउवा र आरजु देउवा यो देशमा स्थायित्व र विकासको चिन्ता भएर त्यति हतारिँदै र आत्तिँदै संविधान संशोधनका लागि बालकोट गएका थिए भनेर पत्याइदिनुपर्‍यो हामीले ? यति मरिसकेको छ यो देशको विवेक ?

अहिले वृद्धदेखि बालबच्चाका कार्यक्रममा समेत प्रधानमन्त्री केपी ओलीले नछुटाई भन्ने एउटा वाक्य छ, 'अबका यति महिना म खान्छु, त्यसपछि खान नेपाली कांग्रेसका आदरणीय सभापति शेरबहादुर देउवाज्यू आउनुहुन्छ ।' त्यसको जिम्मा ओलीसँगै अरू अनुहारले पनि लिन थालेका छन् । ओली हुनुहुन्छ भनेर जति प्रफुल्ल छ यो देश, त्योभन्दा बढी पुलकित छ, शेरबहादुर देउवा फेरि एकपटक प्रधानमन्त्री हुने ग्यारेन्टीबाट । देशमा आशाको सञ्चार गराउन, निराशा चिर्न, विश्वास जगाउन र बंगलादेश भगाउन शेरबहादुर देउवाभन्दा ठुलो ग्यारेन्टी के हुन सक्छ ? देशका पैँतीस वर्ष त गए गए, बाँकी तीन वर्षको पनि यति राम्रो भविष्यवाणीले जगाउँदैन त आशा ?

स्थायित्वका नाममा यो सरकार बन्यो । संसद्मा दुईतिहाइको समर्थन छ । तर, शासन चलिरहेको छ अध्यादेशको । उपबुज्रुकहरू जनतालाई सम्झाइरहेका छन्, यो सबै विकासका लागि भएको छ । ०४६ सालपछि निरन्तर कांग्रेस-एमाले, राप्रपा र ०६३ पछि माओवादीसहित शासनमा छन् । देशको उर्वर पैँतीस वर्ष खाइसकेका गैरजिम्मेवारहरूले यो देश विकास एक महिना ढिला हुने भयो भन्ने चिन्ताले धमाधम अध्यादेश ल्याइरहेका होलान् भनेर पत्याउँछ त देशले ? अध्यादेश त स्वार्थ समूहलाई पैँतीस वर्षमा पनि बुझाउन नसकेका बचेखुचेका केही भए बुझाउन ल्याइँदै छ । अध्यादेशका आरती उतार्न लगाइएका अनुहारहरूले नै भन्छन्, यसका पछाडि विकासको चिन्ता छ कि माफियाको स्वार्थ ।

नेतातन्त्रले देशका सबै संस्था निलिसकेको छ । संवैधानिक अंगका नियुक्ति या बेचिन्छन् या दासलाई बकस दिइन्छन् । विधि र विवेकको शासन ठट्टा भइसकेको छ । चोर समातेर कोही डिएसपी हुँदैन, नेता समात्नुपर्छ । योग्यताको कुनै कदर छैन । प्रकाश वस्ती र भरतराज उप्रेतीहरूको सिकार गरिएको न्यायपालिका जनतालाई पार्टीहरूकै शाखा लाग्छ । गण्डकीका मुख्यमन्त्रीले सार्वजनिक कार्यक्रममै भने, 'संवैधानिक इजलासमा मैले पार्टी देखेँ ।' कर्मचारीतन्त्रले बिगार्न सक्ने अधिकार देखाएर तर्साउँछ, सपार्न सक्ने शक्तितिर लाग्दैन । हेडमास्टरको पार्टी हेरेर विद्यार्थीले आन्दोलनका कार्यक्रम बनाउँछन् । पार्टीका चक्करमा समाजले विवेक गुमाइसकेको छ ।

अब समय आएको छ, आजसम्मको पार्टी सदस्यताको लाभ-हानिको हिसाब खोज्ने । तपाईंको सदस्यताले देश कति राम्रो भयो ? तपाईंको सदस्यताले समाज कति राम्रो भयो ? तपाईंको सदस्यताले तपाईं र तपाईंका सन्तानको भविष्य कति सुरक्षित भयो ? तपाईंको सदस्यताले देशको शिक्षा र स्वास्थ्य कस्तो भयो ? आजसम्मको सदस्यताका लागि तपाईं र तपाईंका सन्तानलाई गर्व छ कि छैन तपाईंमाथि ?

> बंगलादेशजस्तो आवेगप्रेरित होइन, विवेकप्रेरित र संयमित क्रान्ति सम्भव छ । पार्टीका होइन, राष्ट्रिय झन्डामा हुनेछ अबको परिवर्तन । बर्बाद भएका वर्षहरू त भए-भए, बाँकी वर्ष जोगाउनुपर्छ, जोगाउन सकिन्छ ।

पार्टीलाई धर्म र नेतालाई देवता मानेर यो देश सिध्याउने हामी नागरिक हौँ । हामी मतदानको एक दिन विवेक प्रयोग गर्ने स्वतन्त्र नागरिक भएनौँ, तीन सय पैँसट्ठी दिन नै नेताका कमैया भयौँ । यही कमैयागिरीको फाइदा उठाएर नेतातन्त्र झन्झन् बलियो भयो र त्यसले एउटा ब्रान्डका रूपमा नेपाललाई सिध्याइदियो । संवैधानिक निकाय त परको कुरा, न्यायालयमा पनि सीधै दलगत भागबन्डा संस्थागत भयो । नवनियुक्त न्यायाधीशहरू कृतज्ञता ज्ञापन गर्न दिउँसै पार्टी कार्यालय पुगे । मूल्य र मान्यताका हिसाबले त्यो न्यायपालिकाको केवल कालो दिन थिएन, कालो मरण थियो । नेतातन्त्र यति धेरै विकृत, तर यति धेरै संगठित भइसकेको छ कि ठुलो शान्तिपूर्ण क्रान्तिले मात्र यसलाई ढलाउन सक्छ । त्यसका लागि समाजको राजनीतीकरण जरुरी छ, पार्टीकरणको पर्खाल भत्काएको राजनीतीकरण ।

रवि, बालेन र हर्क साम्पाङलाई 'कहाँका को हुन् ? नचिनेका मान्छेहरू फुत्त आएर जनता झुक्याएर चुनाव जित्छन्' भनेर जिस्क्याउँछन्, प्रधानमन्त्री केपी ओली । ०४६ पछि मदन भण्डारीहरूलाई लक्षित गर्दै नेपाली कांग्रेसका कार्यकर्ताले नारा लगाउँथे, 'दुलोबाट निस्केर नेता बन्न पाइँदैन ।' हिजो पञ्चायतसँग लडेको ब्याज खाइरहेका यिनीहरूको भाषामा आजकल पञ्चहरू गनाउँदैनन्, सीधै पञ्चायत गनाउँछ । यिनको अहंकारमा सत्ता होइन, सर्वसत्ताको गन्ध आउँछ । बालेनको टिसर्ट लगाएकै अपराधमा पनि मान्छे पक्राउ गरे यिनीहरूले । ललितानिवास, बाँसबारी, गिरिबन्धु, यती, ओम्नी वा वाइडबडी जे पनि निल्न सक्ने, पचाउन सक्ने र फेरि उत्तिकै घमण्ड गर्न सक्ने यिनीहरूको शक्तिको स्रोत के हो ? तपाईंको पार्टी सदस्यता । तपाईंको सदस्यता यिनीहरूले माफियाहरूलाई बेचे । राजनीतिज्ञ र पूरै सिस्टम नबिकीकन कसैले माग्न सक्दैन पशुपतिमा मोहियानी हक । कसैले नतिर्न सक्दैन बिजुलीको बिल । कसैले निल्न सक्दैन नेपाल स्टक एक्सचेन्ज । कसैले बेच्न सक्दैन कौडीमा विद्युत् परियोजना र उद्योगहरू । माफियाले राजनीतिलाई केवल प्रभावमा पारेको छैन, नियन्त्रणमै लिइसकेको छ । त्यसका लागि तपाईंको सदस्यता जिम्मेवार छ ।

अहिले देशमा समाज टुक्रिएको छ, परिवार टुक्रिएको छ, घरघर टुक्रिएको छ । यो देश एउटा ठुलो ऐँठनमा छ । यो ऐँठनको इतिहास पनि छ । ००७ सालमा क्रान्ति भयो, तर राजासँग सम्झौतामा टुंगियो । ०४६ सालको आन्दोलन पनि अन्ततः सम्झौतामै सकियो । ०६२/६३ को जनआन्दोलन पनि राज्यको पुनर्संरचनामा चुक्यो । गएका वर्षहरू फर्काउन सकिँदैन, तर आउँदा वर्ष त जोगाउन सकिन्छ । लोकतन्त्र निलेको नेतातन्त्र तपाईंको पार्टी सदस्यताले धानिएको हो । यो सदस्यता फिर्ता लिनोस्, नेतातन्त्र आफैँ ढल्छ ।

होइन, अब पनि नेताका निजी अपराधलाई पार्टी र आन्दोलनका सीमा मानेर ढाकछोप गर्नेतिर लाग्यौँ भने यो देशलाई कसैले बचाउन सक्नेछैन । नेताका निजी स्वार्थ र अपराधपूर्ण सम्बन्धलाई पार्टी र आन्दोलनको संकट मानेर प्रतिरक्षा गरिरह्यौँ भने यो नेतातन्त्रले समाजका सबै आशा समाप्त पार्नेछ । जुन देशमा तपाईंका छोराछोरी बस्न खोज्दैनन्, जुन देशमा जीविकाका लागि श्रीमान्, श्रीमती, छोराछोरी र बाबुआमा नछुट्टिई सुख छैन, जुन देशको पासपोर्ट संसारको सबैभन्दा घटिया पासपोर्ट भइसक्यो, त्यो देशमा केको पार्टी ? केको नेता ? केको चुनाव चिह्न ?

जनताको विश्वास गुमाएपछि संसद्का संख्याले कुनै मूल्य राख्दैन । सिरियामा बसर अल असदले तीन वर्षअघि मात्रै ९५ प्रतिशत मत ल्याएर चुनाव जितेका थिए । अहिले भागेर रुसको शरणमा छन् । बंगलादेशमा सेख हसिनाको पार्टी अवामी लिगले केवल एक वर्षअघि तीन सय सदस्यीय संसद्मा दुई सय २४ सिट ल्याएको थियो । उनले पाएको मत करिब ७० प्रतिशत थियो । आज भारतको शरणमा कुनै अज्ञात ठाउँमा छिन् । श्रीलंकामा राष्ट्रपति गोटाबाया राजपाक्षे देश छाडेर भाग्दा पनि संसद्मा उनको दलको एकल बहुमत थियो । यी इतिहासका उदाहरण होइनन्, केही महिनायताका राजनीतिक घटना हुन् ।

प्रश्न यत्ति हो- के आमूल परिवर्तन सम्भव छ नेपालमा ? नागरिक तहबाटै अन्तरिम सरकारको घोषणा, राज्यको समग्र पुनर्संरचनाका लागि विज्ञहरूको शक्तिशाली आयोग, उच्चपदस्थहरूको सम्पत्तिसँगै यसबिचका नीतिगत र संस्थागत भ्रष्टाचारको छानबिन र ताजा जनादेश हुन सक्छन् त अबका एजेन्डा ? हुनुपर्छ । ढुंगा हानेर होइन, गीत गाएर सम्भव छ आमूल परिवर्तन । बंगलादेशजस्तो आवेगप्रेरित होइन, विवेकप्रेरित र संयमित क्रान्ति सम्भव छ । पार्टीका होइन, राष्ट्रिय झन्डामा हुनेछ अबको परिवर्तन । बर्बाद भएका वर्षहरू त भए-भए, बाँकी वर्ष जोगाउनुपर्छ, जोगाउन सकिन्छ । जति छिटो ढढेलो लाग्नेछ, त्यति छिटो पालुवा पलाउनेछन् । तर, कसरी ? आउनुहोस्, छलफल गरौँ ।

(क्रमशः)

---

३ प्रश्न

ग्यास विक्रेता महासंघका अध्यक्ष चन्द्र थापालाई



ग्यासको दोहोरो मूल्य कत्तिको प्रभावकारी हुन सक्ला ?

अहिलेको अवस्थामा घरायसीभन्दा व्यावसायिक उपभोक्तालाई ग्यास सहज र सुपथ साबित भएको छ । ग्यासमा निगम लगातार घाटामा रहेको विषय उठान भएको पनि लामो समय भयो । यसको विकल्प भनेको घरायसी र व्यावसायिक उपभोगका लागि फरक फरक मूल्य निर्धारण गर्नु नै हो । यसको व्यवस्थित र आत्मनिर्भर कारोबारका लागि हामी तयार पनि छौँ । तर, अहिलेकै अवस्थामा भने यस्तो प्रणाली सम्भव छैन ।

उसो भए दोहोरो मूल्य प्रणाली सफल हुने आधारहरू केके हुन् त ?

सबैभन्दा पहिले प्रज्वलनशील वस्तुको कारोबार व्यवस्थित हुनुपर्छ । घरायसी र व्यावसायिक प्रयोजनका ग्राहकको स्पष्ट पहिचान र परिभाषा हुनुपर्छ । विक्रेता प्रमाणीकरण हुनुपर्छ । निगम, ग्यास उद्योग, विक्रेता र उपभोक्ता सबै आआफ्नो जिम्मेवारीअनुरूप जोडिन सक्ने सफ्टवेयर बन्नुपर्छ । तब मात्र यस्तो दोहोरो मूल्य प्रणाली सम्भव हुन्छ ।

वर्षौंदेखि चर्चामा रहे पनि दोहोरो मूल्य कार्यान्वयनमा किन आउन नसकेको होला ?

यसका लागि आवश्यक आधारहरू प्रस्ट भएनन् । अहिलेकै अवस्थामा रमाउने उद्योगी, व्यवसायीको निगममा बलियो पहुँच छ । विषय उठान भयो कि विभिन्न बहानामा उनीहरूले अवरोध गरिहाल्छन् । यसमा निगमले पनि प्रभावकारी हस्तक्षेप गर्न सकेन । यस्तै अवस्था रहिरहने हो भने दोहोरो मूल्य प्रणाली प्रभावकारी हुन सक्दैन । बरु, दोहोरो मूल्यभन्दा त स्वचालित मूल्य प्रणाली नै उपयुक्त हुन्छ ।

प्रेरक प्रसंग

सरस्वती र कालिदास

एकपटक संस्कृत साहित्यका महाकवि कालिदास एउटी महिलाको आँगनमा पुगे । उनी निकै तिर्खाएका थिए । उनले आफूलाई पानी दिन महिलासित याचना गरे । महिलाले भनिन्- म तिमीलाई चिन्दिनँ, पहिले आफ्नो परिचय देऊ । अनि मात्र पानी दिउँला । कालिदासले भने- म यात्री हुँ । महिलाले अचम्म मान्दै प्रश्न गरिन्- तिमी कसरी यात्री हुन सक्छौ ? यात्री त कहिल्यै नरोकिई हमेसा चलिरहने सूर्य र चन्द्रमा मात्र हुन् । साँचो बताऊ, तिमी को हौ ? कालिदासले भने- म पाहुना हुँ । 'संसारमा धन र यौवन मात्र हुन् पाहुना । यिनलाई जान समय लाग्दैन,' महिलाले भनिन् ।

कालिदासले भने- म सहनशील हुँ, अब त पानी दिनुहोस् । महिलाले भनिन्- नाइँ, सहनशील त पापी र धर्मात्मा सबैको बोझ सहने धर्ती र पत्थरले हिर्काए पनि मिठो फल दिने रुख मात्र हुन् । साँच्चै भन, को हौ तिमी ? कालिदासले जवाफ दिए- म हठी हुँ । महिलाले भनिन्- फेरि झुट बोल्यौ, हठी जति काटे पनि बढिरहने नङ र कपाल मात्र हुन् । सत्य बोल, को हौ तिमी ? कालिदासले भने- म मूर्ख हुँ । महिलाले भनिन्- होइन, मूर्ख त विनायोग्यता सबैमाथि शासन गर्ने र उसलाई प्रसन्न बनाउन उसका गलत क्रियाकलापलाई पनि तर्क दिएर सही सिद्ध गराउने चेष्टा गर्ने उनका सल्लाहकार मात्र हुन् । अनि तिमी किसरी मूर्ख हुन सक्छौ ?

आफ्नो फरक-फरक परिचय दिएका कारण कालिदासले महिलाको गोडा समाउँदै भने- माता म कालिदास हुँ । महिलाले खुसी हुँदै भनिन्- उठ कालिदास । म सरस्वती हुँ । साँच्चै त्यहाँ साक्षात् सरस्वती माता थिइन् । सरस्वती माताले भनिन्- शिक्षाबाट ज्ञान आर्जन हुन्छ न कि अहंकार । तिमीले शिक्षाको बलमा प्राप्त गरेको मान र प्रतिष्ठालाई आफ्नो उपलब्धि मान्यौ र अहंकार देखायौ । तिम्रो ज्ञानचक्षु खोल्न मैले यो नाटक गरेकी हुँ । कालिदासले माता सरस्वतीसित माफी मागे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्लान्ट किन प्रयोगमा नल्याएको ?

दमक नगरपालिकाले साढे २० करोडको लगानीमा तयार गरेको बायोग्यास प्लान्ट प्रयोगमा नल्याई नगरबाट संकलित फोहोर आसपासको वन क्षेत्रमा डम्प गरिरहेको समाचार पढ्दा दुःख लाग्यो । स्थानीय जनताले तिरेको कर खर्चेर बनाइएको यति महँगो र यति उपयोगी प्लान्ट सञ्चालन नगर्नुको कारण के हो ? नगरपालिकाका जिम्मेवार अधिकारीले यस प्रश्नको चित्तुबुझ्दो जवाफ दिन सक्नुपर्छ । खासगरी नगरपालिकाले कुहिने फोहोरबाट ग्यास उत्पादन गरी बिक्री गर्ने लक्ष्य राखे पनि फोहोरलाई वर्गीकरण गर्नै समस्या भएको सुन्दा अचम्म लाग्यो । फोहोरलाई स्रोतमै कडाइसाथ वर्गीकरण गरेर संकलन गर्ने व्यवस्था मिलाइए नगरपालिकालाई कुनै समस्या नै हुँदैन । दमक नगरपालिकाले यसतर्फ समयमै ध्यान देओस् ।

● **कमला ताजपुरिया**, विराटनगर-४, मोरङ

संरचना सञ्चालनमा ल्याऊ

एक वर्षमा बन्नुपर्ने चोभारको फलफूल थोक बजार आठ वर्ष बित्दासमेत अलपत्र परिरहेको समाचार पढियो । सञ्चालनमा नआउँदै ३५ करोड खर्चिएका संरचना जीर्ण बन्दै गएको सुन्दा जोकोहीलाई दुःख लाग्नु स्वाभाविक हो । अझ हतारमा आवश्यक प्राविधिक परीक्षणविनै बजेट सक्ने उद्देश्यले मात्र बनाइएको जस्तो लाग्ने भवनको भूमिगत तलामा पानी रसाएर 'पौडी पोखरी' तयार भएको देखिनु निर्माण पक्षको हदैसम्मको लापरबाही र गैरजिम्मेवारी हो ।

● सुमन पाखिन
टौदह, काठमाडौं

मन्त्री खड्काको दादागिरी

संसदीय समितिको बैठक आफ्नो होटेलमा आयोजना गर्ने ऊर्जामन्त्री दीपक खड्काको रबैया गलत छ । स्वार्थ बाझिनेल गरी आफ्नो पदीय शक्तिको दुरुपयोग गर्दै ऊर्जामन्त्री खड्काले त्यसरी आफ्नै होटेलमा समितिको बैठक राख्नु र लुरुलुरु बैठकमा सहभागी हुन जानु सर्वथा अनुचित छ । सायद अब उनले समिति बैठकको खर्चको बिल पनि प्राधिकरणबाट तिराउनेछन् । मन्त्री खड्काको यो स्तरको दादागिरी हामीलाई स्वीकार्य छैन ।

● वन्दना खापुङ, धोबीघाट, ललितपुर

टिप्पणीकारसितको असहमति

९ माघको नयाँ पत्रिकाको मुखपृष्ठमा ट्रम्पको पुनरागमन विषयमा 'नेपाल र नेपालीलाई के हुन्छ ?' शीर्षकको समाचार पढेँ । उहिल्यै एक गाउँमा एक वैद्य थिए । उनी बिरामीलाई पहिले पखाला चल्ने औषधि दिन्थे । जब पखालाले बिरामी सिकिस्त हुन्थ्यो, फेरि त्यसैको उपचार गरेर उनी भगवान् कहलिन्थे । एकपल्ट गाउँमा हैजा फैलियो । हैजाका कारण मान्छे भटाभट मर्न थाले । वैद्यको औषधिले काम गर्न छाड्यो । आफ्नो औषधिले काम गर्न छाडेपछि वैद्यले त्यहाँबाट कुलेलम ठोके । ट्रम्प कुलेलम ठोक्ने तिनै वैद्य हुन् । डब्ल्युएचओ एउटा मात्र संस्थालाई म प्रभावकारी मान्छु । अरूको कुनै कामै छैन । सिंगो राष्ट्र संघलाई नै विघटन गरिदिए पनि फरक पर्दैन । त्यहाँ पाँच भिटो पावरवाला राष्ट्रले दुनियाँलाई बन्धक बनाएर राखेका छन् । द्विपक्षीय वा बहुपक्षीय संगठन बढी प्रभावकारी हुन्छन् । जलवायु परिवर्तनको मुख्य जिम्मेदार पनि तिनै शक्तिराष्ट्र छन् । नेपालले आफ्नो कुन दोषले मार सहिरहेको छ ? यति मात्र होइन, ट्रम्पले जैविक इन्धनबाट चल्ने वाहनलाई नै प्रोत्साहन गर्नेछन् । ट्रम्पले अमेरिकालाई फेरि महान् बनाउने भनेका छन्, भारतलाई होइन । त्यसैले टिप्पणीकार विजय कर्णसँग म सहमत हुन सकिनँ ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

मस्कको 'नाजी सलाम'को बचाउ खतरनाक

इलन मस्कको नाजी इसाराले ट्रम्पको पुनरुत्थान र फासीवादको आसक्तिसँग जोडिएको गम्भीर एवं थप विचलित पार्ने समस्यालाई संकेत गर्छ



देश/विदेश

● एन्ड्र्यु मिट्रोभिचा

इलेक्ट्रिक कारका व्यापारी इलन मस्क आफ्ना राजनीतिक सहयोगी डोनाल्ड ट्रम्पलाई घमण्डमा उछिन्न दृढ देखिन्छन् । आफ्नो विवादास्पद सामाजिक सञ्जाल प्लेटफर्ममार्फत ट्रम्पलाई ४७औँ राष्ट्रपति बनाउन सहयोग गरेपछि मस्कले राष्ट्रपतीय पदग्रहणका दिन सबैको ध्यान खिचे । एक मागा र्‍यालीमा उनले अनौठो नृत्य गरे र भिडलाई बधाई दिँदै एक इसारा गरे, जसले मुसोलिनीले लोकप्रिय बनाएको र पछि हिटलरले अपनाएको फासीवादी सलामीको सम्झना दिलाउँछ । न्युयोर्क विश्वविद्यालयकी इतिहासकार रुथ बेन-घियातले मस्कको इसारालाई 'नाजी सलामी र निकै आक्रामक ढंगको' भनेर एक्समा टिप्पणी गरेकी छिन् । अस्वाभाविक रूपमा एन्टी-डिफेमेसन लिग (एडिएल) ले मस्कको बचाउ गर्दै यसलाई 'उत्साहको क्षणमा गरिएको असहज इसारा'को मात्रै संज्ञा दिएको छ । मस्कले यी आरोपलाई 'फोहोरी षड्यन्त्र' भन्दै खारेज गरे र 'सबै हिटलर हुन्' भन्ने आक्रमण धेरै पुरानो भइसकेको पनि बताए । मस्कको इसारासँग जोडिएको यो विवाद समयक्रममा सेलाउनेछ । मस्कको उक्साहटपूर्ण इसारामा भएको तीव्र प्रतिक्रिया ट्रम्पको पुनरुत्थान र फासीवादको आसक्तिसँग जोडिएको गम्भीर एवं थप विचलित पार्ने समस्या हो । यसले अमेरिका, युरोप र अन्यत्र केही आपत्तिजनक व्यक्ति नाजीवादको विभीषिकालाई जायज देखाउने प्रयासलाई उजागर गर्छ । मस्कको इसाराप्रति श्वेत-सर्वोच्चतावादी र फासीवादीको प्रफुल्ल प्रतिक्रिया नै मस्कहरूको बढ्दो हिम्मतको प्रमाण हो । जनवरीको सुरुमा मस्कले जर्मनीको उग्र-दक्षिणपन्थी दल एएफडीकी प्रमुख एलिस वेडेलसँग ७० मिनेट लामो मैत्रीपूर्ण संवाद एक्समा प्रत्यक्ष प्रसारण गरेका थिए । वेडेलले एएफडीलाई जर्मनीको सोसल डेमोक्र्याट पार्टीको नेतृत्वमा रहेको गठबन्धन सरकारको विकल्पका रूपमा एक पुरातनपन्थी र स्वतन्त्रतावादी पार्टीका रूपमा पुनः परिभाषित गर्ने प्रयास गरेकी छिन् । वास्तवमा जर्मनीको आन्तरिक गुप्तचर निकायले पार्टीको 'उग्रपन्थी गुट'लाई लोकतन्त्रका लागि खतरा भन्दै निगरानीमा राखेको थियो । एएफडीका नेताले जर्मनीको अँध्यारो इतिहासलाई धुमिल पार्न खोजेका छन् । एक नेताले नाजीले 'एक हजार वर्षको सफल जर्मन इतिहासमा' कुनै महत्त्व राख्दैन भनेका थिए । एक क्षेत्रीय नेताले त बर्लिनको हलोकस्ट (नरसंहार) स्मारकलाई 'लज्जाको स्मारक'को संज्ञा दिएका थिए । वेडेलले हिटलर 'कम्युनिस्ट' भएको र आधुनिक पुरातनपन्थीलाई बदनाम गर्न मात्र उनलाई 'दक्षिणपन्थी' भनिएको भन्ने खण्डन भइसकेको दाबीलाई प्रवर्द्धन गर्दै आएकी छिन् । मस्कले उनलाई विनारोकटोक मञ्च मात्र दिएनन्, उनले जर्मनीको फेब्रुअरी निर्वाचनअघि उभार लिइरहेको एएफडीलाई आफ्नो प्रभाव र समर्थनसमेत प्रदान गरेका छन् । यसैबिच ट्रम्प समर्थक र फक्स न्युजका पूर्वहोस्ट टकर कार्लसनले आफ्नो पोडकास्टमा 'सोखिन इतिहासकार' ड्यारिल कुपरलाई बोलाएर दुई घण्टासम्म इतिहास पुनर्लेखनबारे लामो बहस गराएका थिए । सदाबहार उक्साहटपूर्ण शैलीमा कार्लसनले कुपरलाई 'अमेरिकाको सबैभन्दा असल र इमानदार लोकप्रिय इतिहासकार'को संज्ञा दिएका थिए । कुपरले विन्स्टन चर्चिल, जो द्वितीय विश्वयुद्धमा बेलायतका नेता थिए, तिनलाई 'प्रधान खलनायक' भनेर नामकरण गर्नु हास्यास्पद छ र यसो गर्नु इतिहासमाथिको आक्रमण हो । कुपरले हलोकस्टलाई हिटलर र उनका हत्यारा सहयोगीले युरोपबाट एक जाति मेटाउने सुनियोजित योजनाको परिणाम नभई नाजीको प्रारम्भिक र तीव्र



तस्बिर : माइक सेगर्स/रोयटर्स

सैन्य सफलताको अनिच्छित नतिजा बताएका थिए । अधिकांश पीडित यहुदी बालबालिका, महिला र पुरुष थिए, जसलाई नाजीले 'अप्रत्याशित' ढंगले समाधान गर्नुपर्ने भएकाले ग्यास क्याम्पमा निसास्सिएर वा भट्टीमा डढाएर मारेका थिए । मस्कले यस अन्तर्वार्तालाई आफ्ना २१ करोड ३० लाख फलोअरमाझ यसलाई 'धेरै रोचक र हेर्नलायक' भन्दै साझा गरेका थिए । पछि नाजी समर्थक र सहयोगीलाई सघाएको भन्दै बढेको आलोचनाका कारण मस्कले पोस्ट मेटेका थिए । ट्रम्पका उपराष्ट्रपति उम्मेदवार जेडी भान्सले कार्लसनको समर्थन गर्दै खारेजी संस्कृति 'क्यान्सल कल्चर'बारे दुःख व्यक्त गरेका थिए । भान्सले कार्लसनको आलोचना गर्न नचाहेको तथ्यलाई रिपब्लिकनको 'अमेरिका फर्स्ट' लोकप्रियतावादी राष्ट्रवाद, यहुदीद्वेष र हलोकस्ट अस्वीकृतिको लामो समयदेखिको सम्बन्धलाई दर्साउँछ । यो प्रवृत्ति १९३० को दशकको अन्त्यतिर सुरु भएको हो, जब अमेरिका फर्स्ट अभियानको पहिलो संस्करण चार्ल्स लिन्डबर्गको नेतृत्वमा भएको थियो । लिन्डबर्गलाई आफ्नो पृथक्तावादी र फासिस्ट समर्थक विचारधाराका लागि व्यापक एवं उत्साहपूर्ण समर्थन प्राप्त थियो । लेखक र सम्पादक जेकब हेलब्रुनले उल्लेख गरेझैँ '१९४० को रिपब्लिकन कन्भेन्सनलाई सम्बोधन गर्ने हर्बर्ट हुवरजस्ता राजनीतिज्ञले मध्य युरोपमा स्थायित्वका लागि हिटलरको शक्तिको प्रशंसा गरेका थिए । यिनले फ्रान्कलिन रुजवेल्टको न्यु डिल र थर्ड रिइच नभएको भए अमेरिकामाथि वास्तविक अधिनायकवाद खतरा रहेको दाबीसमेत गरेका थिए । यो विकृत सोच ट्रम्पको आरोहणका साथ रिपब्लिकन पार्टीमा नवीकरण भएको छ । ट्रम्पका प्रमुख सल्लाहकार जोन केलीले हिटलरले 'केही राम्रा काम' गरेको भन्दै प्रशंसा गरेका थिए । केहीले एलाइज (दोस्रो विश्वयुद्धका वेलाको बेलायत-अमेरिका-रुस गठबन्धन) साझेदारले ड्रेसडेनमा गरिएको बम आक्रमणलाई हलोकस्टसँग तुलना गर्दै मानवताविरोधी अपराधलाई कम दोषी देखाउने प्रयास गर्छन् । यो रणनीतिले जटिल चुनौतीका लागि सरल समाधान प्रस्ताव गर्ने अतीत र वर्तमानका अधिनायकवादी नेताका कृत्यलाई सामान्य बनाउँछ । तर, इतिहासले हामीलाई यस्ता व्यक्ति र तिनका खतरनाक विचारधाराबाट सचेत रहन चेतावनी दिइरहन्छ ।

(मिट्रोभिचा क्यानडा आधारित पत्रकारिता प्रशिक्षक एवं लेखक हुन्)

-अल जजिराबाट

अमेरिकाबाट तत्काल १८ हजार नागरिक फिर्ता गर्ने भारतको योजना



अमेरिकी मिडियामा आएका रिपोर्टअनुसार भारत सरकारले डोनाल्ड ट्रम्पको सरकारबाट आउन सक्ने दबाब कम गर्न अवैध रूपमा अमेरिकामा बसोवास गरिरहेका १८ हजार भारतीय आप्रवासीलाई स्वदेश फिर्ता गर्ने योजना बनाइरहेको छ। अमेरिकी मिडिया ब्लुमबर्गले स्रोतलाई उल्लेख गर्दै लेखेको छ- भारत सरकारले अवैध रूपमा अमेरिकामा बसोवास गरिरहेका भारतीय आप्रवासीलाई पहिचान गर्न अमेरिकी अधिकारीसँग समन्वय गरिरहेको छ।

ब्लुमबर्गलाई स्रोतले बताएअनुसार हालसम्म अमेरिकामा अवैध रूपमा बसोवास गरिरहेका १८ हजार भारतीय मूलका मानिसको पहिचान गरिएको छ। तथापि, अवैध भारतीयको वास्तविक संख्या बढी हुन सक्छ। 'प्यु रिसर्च सेन्टर'को तथ्यांकले अमेरिकामा अनुमानित सात लाख २५ हजार कागजातविहीन भारतीय आप्रवासी रहेको देखाउँछ। अमेरिकामा मेक्सिको र एल साल्भाडोरका अवैध आप्रवासीपछि तेस्रो ठुलो समूहमा पर्छ, अवैध भारतीय आप्रवासी।

ट्रम्पले पदभार ग्रहण गर्नेबित्तिकै भारतीय आप्रवासीलाई पहिचान गर्ने र अमेरिकाबाट निकाल्न सघाउने भारत सरकारको प्रयासलाई ट्रम्पलाई खुसी बनाउने प्रयासको रूपमा वर्णन गरिएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको ट्रम्पसँग घनिष्ठ व्यक्तिगत सम्बन्ध रहेको देखिन्छ। तिनले नियमित रूपमा एक-अर्कालाई 'महान् साथी' भनेर सम्बोधन गर्छन्।

तथापि, अमेरिकी राष्ट्रपतिले आफ्नो अमेरिका-प्रथम नीतिको एक हिस्साको रूपमा भारतीय सामानमाथि उच्च भन्सार शुल्क लगाउने धम्की पनि दिएका छन्। त्यस्तो कदमले भारतीय अर्थतन्त्रलाई धक्का दिनेछ। मोदी सरकार कुनै पनि व्यापार द्वन्द्वबाट बच्न चाहन्छ।

भारतीय अधिकारीले फर्काउन लागिएको आप्रवासीको तथ्यांक त पुष्टि गरेनन्, तर अवैध आप्रवासनको समस्यालाई सम्बोधन गर्न अमेरिकासँग नजिकबाट काम गरिरहेको भने बताए। ट्रम्पले पदभार ग्रहण गरेको एक दिनपछि अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग मंगलबार वासिंटनमा भएको भेटवार्तापछि भारतीय विदेशमन्त्री जयशंकरले पनि यसको पुष्टि गरे।

ट्रम्पले यसै साता कार्यकारी आदेश जारी गर्दै अवैध आप्रवासनमाथि कडाइ गर्ने र लाखौं आप्रवासीलाई देशनिकाला गर्ने आफ्नो लक्ष्यलाई तीव्रता दिन निर्देशन दिएका छन्। जयशंकरले बुधबार वासिंटनमा भारतीय पत्रकारको एक समूहसँग भने, 'अमेरिकासहित विश्वका जुनसुकै देशमा यदि हाम्रा नागरिक अवैध रूपमा बसिरहेका छन् भने हामी उनीहरूलाई फिर्ता लिन सधैं खुला छौं।'

भारतको विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले प्रक्रिया पहिले नै सुरु भइसकेको जोड दिए। गत अक्टोबरमा मात्र अमेरिकाबाट सयभन्दा बढी कागजात नभएका भारतीयलाई फिर्ता गरिएको र गत वर्ष कुल एक हजारभन्दा बढी भारतीय फिर्ता गरिएको जयसवालले बताए।

भारत सरकार अहिले मुख्यतः अमेरिकाले उच्च सीपयुक्त आप्रवासीलाई दिँदै आएको एच-१ बी भिसा सुरक्षित गर्न चाहन्छ। प्रायः प्रविधि र इन्जिनियरिङ क्षेत्रका आप्रवासीलाई दिइने एच-१ बीको लगभग ७५ प्रतिशत हिस्सा भारतीयको छ। राम्रो रोजगारीका लागि अमेरिका जान चाहने भारतीयका लागि यो भिसा महत्त्वपूर्ण छ।

पछिल्लो समय रिपब्लिकन पार्टीभित्रका केही कट्टरपन्थीले एच-१बी भिसामार्फत अमेरिकीहरूले पाउनुपर्ने प्रतिष्ठित रोजगारी विदेशीले पाउने भन्दै विरोध जनाएका छन्। ट्रम्पले पहिले पनि यस मतमा समर्थन जनाएको भए पनि हालसालै आफ्नो अडानलाई नरम बनाएका छन्। उनले यसलाई 'महान् कार्यक्रम'को रूपमा उल्लेख गरे। यस परिवर्तनका लागि अर्बपति इलन मस्कको हात रहेको मानिन्छ।

भारत-अमेरिका सम्बन्धलाई दुवै पक्षले उचाइ लिइरहेको सम्बन्धको रूपमा व्याख्या गर्ने गरेका छन्। यसअघिको बाइडेन प्रशासनले चीनको भूराजनीतिक प्रतिद्वन्द्वीका रूपमा भारतसँगको सम्बन्धलाई गहिरो बनाउन ठुलो प्रयास गरेको थियो। तर, पछिल्लो समय उसले भारतमाथि अमेरिकी भूमिमा गैरन्यायिक हत्याको प्रयास गरेको आरोप लगाएपछि सम्बन्ध केही चिसिन पुग्यो।

-द गार्जियनबाट

विश्व संक्षेप

पाँच भारतीयलाई मृत्युदण्डको सजाय

नयाँदिल्ली/ भारतको एक अदालतले किशोरीको सामूहिक बलात्कार र बीभत्स हत्या गरेको साथै उनका बुबा र भतिजीको हत्या गरेको अभियोगमा पाँचजनालाई मृत्युदण्डको सजाय सुनाएको छ। आरोपीहरूले सन् २०२१ को जनवरीमा छत्तिसगढमा बस कुरिरहेका पीडित किशोरी र उनको परिवारलाई मोटरसाइकलमा लिफ्ट दिएका थिए। त्यसपछि तिनले किशोरीलाई एकान्तमा लगी सामूहिक बलात्कार गरे। पिताले प्रतिरोध गर्ने प्रयास गरेपछि उनको लगायत साथमा रहेकी तीन वर्षीया भतिजीको समेत हत्या गरिएको थियो। किशोरीलाई केही दिनपछि गाउँलेले अचेत अवस्थामा फेला पारेका थिए। उपचारका लागि अस्पताल लैजाँदै गर्दा उनको बाटोमै मृत्यु भएको थियो।

खाना वितरणमा नयाँ कीर्तिमान

जकार्ता/ इन्डोनेसियाको निःशुल्क खाना वितरण कार्यक्रम ३१ प्रान्तका ६ लाख ५० हजार स्कुले बालबालिकासम्म विस्तार गरेको देशका राष्ट्रपति प्राबोवो सुब्यान्टोले बताएका छन्।

'जनवरीदेखि अप्रिल सन् २०२५ सम्म तीस लाख बालबालिकालाई खाना वितरण गर्ने लक्ष्य राखिएको छ। अप्रिलदेखि अगस्ट सन् २०२५ सम्म यो ६० लाख बालबालिकामा पुग्नेछ। सबै इन्डोनेसियाका बालबालिकालाई पौष्टिक खानामा पहुँच हुनेछ,' प्राबोवोले बुधबार भने।

जनवरी ६ मा इन्डोनेसियाका झन्डै एकचौथाइ जनतालाई निःशुल्क खाना उपलब्ध गराउने महत्त्वाकांक्षी कार्यक्रमको औपचारिक सुरुवात गरेका थियो। सन् २०२९ सम्म देशको २८ करोड जनसंख्यामध्ये आठ करोड २९ लाख नागरिकलाई समेट्ने लक्ष्य लिएको छ।

इजरायलको एक बस्तीको नाम राखियो 'ट्रम्प वन'



जेरुसेलम/ जुडिया क्षेत्रमा रहेको इजरायली सहर मालेअदुमिमका मेयरले बुधबार आफ्नो नगरपालिकाको एक भागको नाम 'ट्रम्प वन' (टी-१)' पुनर्नामकरण गर्ने घोषणा गरेका छन्। 'ट्रम्पको दोस्रो कार्यकाल विशेषगरी जुडिया र सामरियामा यहुदी समुदायलाई बलियो बनाउने एउटा अनौठो अवसर हो,' मेयर गाइ यिफ्राचले भने, 'हामी ट्रम्पलाई विश्वास गर्छौं। उनले आगामी महिना यस क्षेत्रमा निर्माण कार्यलाई बढाउने विश्वास छ।'

पहिले मेभासेरेट अदुमिम भनेर चिनिने मालेअदुमिमको सो भाग बेस्ट बैंक (पश्चिम किनारा)सीमाको 'क्षेत्र सी'अन्तर्गत छ, जहाँ इजरायली-प्यालेस्टिनी सम्झौताअनुसार इजरायली प्रशासनिक र सुरक्षा अधिकार कायम छ। आवास संकटलाई कम गर्न तीन हजार घरका लागि बनाइएका योजना बाइडन प्रशासनलगायत अन्तर्राष्ट्रिय विरोधद्वारा अवरुद्ध भएका छन्। मेयर यिफ्राचले टी-१ लाई 'रणनीतिक सम्पत्ति' का रूपमा वर्णन गर्दै इजरायली नेताहरूलाई माले अदुमिम र जेरुसलेमबीच भौगोलिक निरन्तरता स्थापित गर्न आह्वान गरे।

यसअघि पहिलो कार्यकालमा ट्रम्पले पहिलेको सिरियाली भूमि 'गोलन हाइट्स'माथि इजरायली सार्वभौमिकता स्वीकार गरेसँगै इजरायलले नयाँ समुदायको नाम रामत ट्रम्प राखेर राष्ट्रपतिलाई सम्मान गरेको थियो।

इतिहासमा आज

जनवरी २४



सन् २०२३ : हिन्डेनबर्ग रिसर्चले उसकै भनाइअनुसार अडानी समूहमाथिको दुई वर्षको अध्ययनपछि जारी गरेको भनेको स्टकमा जालभेलसम्बन्धी खुलासापछि कम्पनीले १०८ अर्ब डलर गुमायो।

सन् १७८९ : फ्रान्सका राजा लुई सौह्रौंले १७५ वर्षपछि देशको संसद् (स्टेट्स-जनरल)को बैठक आजकै दिन बोलाए। मे ५ मा पहिलोपटक बैठक बसेसँगै फ्रान्सेली क्रान्तिको जग बस्यो।

सन् १८४८ : क्यालिफोर्नियाको कोलोमा क्षेत्रमा सञ्चालित एक काठमिलका सञ्चालक जेम्स मार्सलले उनका कार्यक्षेत्रमा सुन भेट्टाएपछि। यस खोजले क्यालिफोर्नियामा सुन खोज्न आउनेको ताँती सुरु गऱ्यो। जुन पछि गएर सान फ्रान्सिस्कोलगायत कैयौं नयाँ सहर बसाउन सहयोगी बन्यो।

सन् १८५७ : दक्षिण एसियाको पहिलो पूर्णस्तरको विश्वविद्यालय कलकत्ता विश्वविद्यालय आजकै दिन खुलेको थियो।

सन् १९०३ : अमेरिकी विदेशमन्त्री जोन हे र तत्कालीन ब्रिटिस उपनिवेश क्यानडाका लागि बेलायती दूत हर्बर्टबिच अलास्काको सीमारेखा तोक्ने सहमति बन्यो। १८९० को दशकमा अलस्कावरपर सुन भेटिएपछि ब्रिटिस-क्यानडा र अमेरिकाबिच विवाद सुरु भएको थियो।

सन् १९६२ : देखि करिब एक दशकसम्म गरिएको यस कार्यको विगतमा अमेरिकाले खण्डन गर्दै आएको थियो। यसले पर्यावरण र मानव स्वास्थ्यमा दिगो असर गर्ने भएकाले युद्धकार्यमा कीटनाशक औषधीको प्रयोगको विरोध हुने गर्छ।

सन् १९६४ : अमेरिकी संविधानको २४औं संशोधनले कर नतिरेका नागरिकलाई मताधिकार प्रयोग गर्नबाट रोक्न नमिल्ने व्यवस्था गऱ्यो।

सन् १९६५ : बेलायतका पूर्वप्रधानमन्त्री विस्टन चर्चिल मस्तिष्कघातका कारण ९० वर्षको उमेरमा बिते।

सन् १९८२ : अमेरिकी वायुसेनाले विगतमा भियतनाम युद्धको समयमा आफूहरूले भियतनामको छिमेकी देश लाओसमा लुकेका छापमारलाई कमजोर बनाउन त्यहाँ व्यापक परिमाणमा कीटनाशक औषधी छरेको स्विकाऱ्यो।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र
दुलेगौंडा, तनहुँ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०८१/१०/११

यस केन्द्रको मिति २०८१।०८।२४ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता भएका बोलपत्रमध्ये देहायका बोलपत्र सारभूत रूपमा प्रभावग्राही हुँदा सार्वजनिक खरिद ऐन २०६३ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

छनोट भएको बोलपत्रदाताहरू

ठेक्का नं.	योजनाको नाम	Package	Items	Pathivara Surgival House	Tesla Surgical Home	Universal Surgical Suppliers
				कबोल अंक VAT सहित		
GPKNCRD/GOODS/NCB/06/2081-082	Purchase Of Chemical and Regents For Laboratory	Package (A)	For Fine Care Protein Analyser (Fluorescence Immunoassay)	475278.00		
		Package (B)	For Microbiology	141010.44		
		Package (C)	Erba XL-200 (fully automated biochemistry analyzer)		1789818.30	
		Package (D)	For 5 part Hematology Capital (Kt-50)	455051.00		
		Package (E)	For PT/INR - (Erb Ecl-105)	29719.00		
		Package (F)	For Na+/K+ Stalyte-C		720375.00	
		Package (G)	For Clia Mcahine (Mindray 900I)			2581485.00
		Package(H)	Miscellaneous	799847.90		

अस्पताल प्रमुख

Government of Bagmati Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
Infrastructure Development Office
Kavrepalanchok

Invitation for Bids

Date of publication: - 24 January 2025 AD (2081/10/11 BS)

1. The **Government of Bagmati Province has allocated funds** towards the cost of following construction work Bidding is open to all eligible as per Section V of bidding document.
2. **Infrastructure Development Office, Dhulikhel, Kavrepalanchok** invites electronic bids from eligible bidders for procurement of following works.

S. N.	Contract ID	Name of Road	Estimated amount with PS and VAT(NRs)	Annual Average Construction Turnover (NRs)	Minimum Work experience of similar size and nature	Bid Security Amount (NRs)	Cost of Bid (NRs)	Remarks
1	IDOKAVRE/W/NCB/36/081/82	Upgrading Works on Mangaltar Lakpal Road, Roshi Rural Municipality - 09.	2,413,675.11	Not Applicable		55,000	3,000	Single Stage Single Envelope
2	IDOKAVRE/W/NCB/37/081/82	Upgrading Works on Mangaltar Thakle Walting Road, Roshi Rural Municipality-09.	1,931,310.94			45,000	3,000	
3	IDOKAVRE/W/NCB/38/081/82	Upgrading Works on Panauti Khopasi Road Section, Panauti Municipality	Not Applicable	128.315 million	Upgrading/ Construction/ Maintanaince of road works of 51.33 million	2.14 million	5,000	Single Stage Double Envelope

3. Details of Bid

Pre-bid meeting	Last Date of Submission	Date of Opening	Bid validity	Bid security Validity Period
13 Feb 2025, 11:00 AM	23 Feb, 2025, 12:00 PM	23 Feb, 2025, 1:00 PM	90 days from bid opening	30 days beyond bid validity period (23 June, 2025)

4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Name: Infrastructure Development Office Location: -Dhulikhel, Kavrepalanchok, Email Address: - idokavre1@gmail.com, Telephone: -011-490713**or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Office Chief, IDO, Kavrepalanchok

Palata Rural Municipality
Office of the Rural Municipal Executive
Ranibisauna, Kalikot
Karnali Province, Nepal

Invitation of Bids

First Date of Publication: 2081/10/23 (24/01/2025)

(a) The Palata Rural Municipality, Office of the Rural Municipal Executive, Ranibisauna, Kalikot intends to apply part of the funds to cover eligible payments under the Contracts stated below. And Bidding is open to all eligible Nepalese Bidders for the Building Construction works under National Competitive Bidding – Single Stage single Envelope Bidding procedures with contract details as follows:

S.N.	Identification No.	Description of Works	Estimated Amount (Without VAT Nrs.)	Cost of Bid Document (NRs)	Bid Security Amount (NRs	Bid Security Validity Period	Remarks
1.	PRM/KKT/GW/WORKS/NCB-01/2081/082	Saraswoti Ma. Vi.Thirpu Palata-09 Tatbandhan Thatha Field Nirman	**33,83,464.51**	3,000.00	95,000.00	120 days	NCB
2.	PRM/KKT/IC/WORKS/NCB-02/2081/082	Lode Sichai Kulo Nirman Palata-02	**25,34,437.84**	3,000.00	700000.00	120 days	NCB

For More Details Eligible Bidders may obtain further information and inspect the Bidding may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Acting Chief Administrative officer

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार ११ माघ ०८१

अब सात श्रेणीमा विभाजन गरेर स्थानीय तहलाई संघको अनुदान

राजस्व क्षमताअनुसार प्रदेशको पनि वर्गीकरण, २० देखि ८० प्रतिशतसम्म संघको समपूरक अनुदान

पवन तिमिल्सिना/नयाँ पत्रिका

अब संघीय सरकारले स्थानीय तहहरूलाई सातवटा श्रेणीमा विभाजन गरेर समपूरक अनुदान हस्तान्तरण गर्ने भएको छ। राष्ट्रिय योजना आयोगले स्थानीय सरकारलाई आन्तरिक राजस्व सम्भावित सूचकांक तयार गरी सानोदेखि ठुलो आकार हुने गरी सात भागमा विभाजन गर्ने भएको हो। जसअनुसार क, ख, ग, घ, ङ, च र छमा स्थानीय तहहरूलाई वर्गीकरण गरिएको छ।

'क' वर्गका स्थानीय तहहरूलाई संघीय सरकारले अधिकतम ८० प्रतिशत समपूरक अनुदान हस्तान्तरण गर्नेछ भने 'छ' वर्गका स्थानीय तहहरूलाई अधिकत २० प्रतिशत अनुदान दिनेछ। अधिकतम ८० प्रतिशत अनुदान पाउने स्थानीय तहले न्यूनतम २० प्रतिशत बजेट विनियोजन गर्नुपर्नेछ भने अधिकतम २० प्रतिशत पाउने स्थानीय तहले न्यूनतम ८० प्रतिशत विनियोजन गर्नुपर्नेछ।

सबै स्थानीय तहको सूचकांक निर्माण गर्दा शून्यको नजिकदेखि २९ सम्म रहेको पाइएको आयोगले जानकारी दिएको छ। आयोगले स्रोतको वितरणलाई समान बनाउनका लागि नयाँ प्रणाली लागू गरेको जनाएको छ।

आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले यो प्रणाली लागू हुँदा समानता र वित्तीय संघीयता कार्यान्वयनमा मुख्य प्रभाव परेको बताए। उनले भने, 'यस प्रणालीमा स्थानीय तह र प्रदेशहरूलाई उनीहरूको राजस्व क्षमताको स्तर, समृद्धि र भौतिक पूर्वाधारका आधारमा श्रेणीकरण गरिएको छ। स्रोत वितरण गर्दा यो श्रेणीकरणलाई आधार मानिन्छ। जसले गर्दा स्रोतमा गरिब पालिकाहरूले संघीय सरकारबाट समपूरक अनुदान तुलनात्मक रूपमा बढी हिस्सा पाउँछन्।'

वित्तीय संघीयताको दृष्टिले स्रोत परिचालनका आधारमा स्थानीय सरकारहरूको स्वतन्त्रताको स्तरलाई सूचकांकमार्फत प्रस्तुत गरिएको उनको भनाइ छ। यो प्रणालीको मार्गनिर्देशनले मानव विकास, रोजगारी सिर्जना र उत्पादकत्व वृद्धिमा प्राथमिकता दिने उनले बताए। उनले भने, 'यस प्रणालीले स्रोतमा समतामूलक पहुँच सुनिश्चित गर्दै देशभर वित्तीय संघीयतालाई सुदृढ गर्न मद्दत गर्नेछ।'

■ राजस्व क्षमताअनुसार प्रदेशको वर्गीकरण

आयोगले आर्थिक, सामाजिक, पूर्वाधार अवस्था र राजस्व क्षमताअनुसार प्रदेशको पनि वर्गीकरण गरेको छ। जसअनुसार कर्णाली प्रदेशले संघबाट अधिकतम प्राप्त गर्ने वित्तीय हस्तान्तरणको अनुदान बढी पाउने भएको छ। कर्णालीले संघबाट अधिकतम ७० प्रतिशत अनुदान पाउने भएको छ। जसअनुसार कर्णालीले ३० प्रतिशत न्यूनतम विनियोजन गर्नुपर्ने हुन्छ।





यस प्रणालीमा स्थानीय तह र प्रदेशहरूलाई उनीहरूको राजस्व क्षमताको स्तर, समृद्धि र भौतिक पूर्वाधारका आधारमा श्रेणीकरण गरिएको छ। स्रोत वितरण गर्दा यो श्रेणीकरणलाई आधार मानिन्छ। जसले गर्दा स्रोतमा गरिब पालिकाहरूले संघीय सरकारबाट समपूरक अनुदान तुलनात्मक रूपमा बढी हिस्सा पाउँछन्। यस प्रणालीले स्रोतमा समतामूलक पहुँच सुनिश्चित गर्दै देशभर वित्तीय संघीयतालाई सुदृढ गर्न मद्दत गर्नेछ।

● **प्रा.डा. शिवराज अधिकारी**
उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

संघबाट सुदूरपश्चिमले ६५ प्रतिशत, मधेशले ६० प्रतिशत, गण्डकीले ५० प्रतिशत, लुम्बिनीले ५० प्रतिशत, कोशीले ५० प्रतिशत र बागमतीले ४० प्रतिशत पाउने उल्लेख छ।

■ १६औँ योजना कार्यान्वयन कार्ययोजना बन्दै

आयोगले १६औँ योजना कार्यान्वयन गर्न कार्ययोजना तयार गरिरहेको छ। १६औँ योजना संकेतात्मक र विषयगत भएकाले देशको समग्र विकासका लागि १३ वटा विषयगत क्षेत्रलाई पहिचान गरिएको आयोगले जानकारी दिएको छ। तर, यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि विषयगत योजनालाई क्षेत्रीय कार्यान्वयन रणनीतिमा रूपान्तरण गर्नु आवश्यक रहेको आयोगका उपाध्यक्ष अधिकारीको भनाइ छ।

आयोगले विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रमबिचको सम्भावित सम्बन्धलाई विश्लेषण गर्दै समन्वयात्मक अतिरिक्त लाभ (सिनर्जी) र विरोधाभास (ट्रेड-अफ्स)हरू पहिचान गरेको उनले बताए। समन्वयात्मक अतिरिक्त लाभ र विरोधाभास योजना र नीति-निर्माणमा महत्त्वपूर्ण अवधारणा भएको उनको भनाइ छ।

उनले भने, 'सिनर्जीको पहिचानबाट के प्रस्ट हुन्छ भने केही कार्यक्रम र नीतिहरूले एक-अर्कालाई समर्थन मात्र गर्दैनन्, अतिरिक्त फाइदा पनि सिर्जना गर्न सक्छन्। रोजगारी सिर्जना, आर्थिक गतिविधिमा वृद्धि, समग्र आर्थिक वृद्धिमा सिनर्जीको ठुलो भूमिका हुन सक्छ। समन्वयात्मक अतिरिक्त लाभको सही उपयोगले मन्त्रालयबीचका कार्यक्रमको स्वामित्व र साझेदारीलाई बलियो बनाउँछ। जसले कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी बनाउँछ।'

विरोधाभासको पहिचानले नीति एवं कार्यक्रमबिच रहेको सम्भावित विरोधाभासलाई न्यूनीकरण गर्न मद्दत गर्ने उनको भनाइ छ। कतिपय अवस्थामा एउटा मन्त्रालयको नीति वा कार्यक्रमले अर्को मन्त्रालयको लक्ष्यलाई बाधा पुऱ्याउने जोखिम रहेकाले यस किसिमका प्रयासले नीतिहरू र कार्यक्रमको समन्वय सुनिश्चित गर्छ, जसले गर्दा कार्यान्वयन प्रक्रिया सहज र प्रभावकारी बन्ने उनको भनाइ छ।

योजना आयोगले १६औँ विकास योजनाको कार्यान्वयन कार्ययोजना तयार गर्दा दिगो विकास लक्ष्यको स्थानीयकरण र अतिकम विकसित देशबाट स्तरोन्नति हुने प्रक्रियालाई प्राथमिकताका साथ समेटेको आयोगले जानकारी दिएको छ। यी तीनवटा दस्ताबेज १६औँ विकास योजना, एसडिजी र एलडिसी प्राजुएसन अलग-अलग रूपमा मात्र कार्यान्वयन नहुने उल्लेख गर्दै यी परस्पर अन्तर्क्रियात्मक छन् र एक-अर्कालाई सहयोग गर्ने गरी विकसित गरिएको छ र कार्यान्वयनमा लागिएको आयोगले जनाएको छ।

आयोजना बैंकको मापदण्ड संशोधन गर्दै आयोग

योजना आयोगले आयोजना बैंकलाई व्यवस्थित बनाउन बैंकको मापदण्ड संशोधन गर्ने तयारी गरिरहेको जानकारी दिएको छ। परियोजनाहरूको संख्या अत्यधिक धेरै हुने र स्रोत-साधन छरिएर रहने अवस्थामा साधनको कुशल उपयोग कायम गर्न कठिनाइ सिर्जना गरिरहेको उल्लेख गरेको छ। आयोजनाहरू स्पष्ट रूपमा परिभाषित नभएकाले अधिकांश क्रियाकलाप परियोजना बैंकमा सूचीकृत गरिएका छन्, तर तीमध्ये परियोजनाहरू विनातयारी समावेश गरिएका छन्। यसले परियोजनाहरूको संख्या अनावश्यक रूपमा बढाएको आयोगको निष्कर्ष छ।

आज सिद्धबाबा सुरुङमार्गको ब्रेक थ्रु गरिँदै



बुटवलमा **विष्णुप्रसाद घिमिरे**

सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडकखण्डको सिद्धबाबा सुरुङमार्ग शुक्रबार ब्रेक थ्रु हुँदै छ। एक हजार एक सय २६ मिटर लामो सुरुङमार्ग ब्रेक थ्रुका लागि मुख्य टनेल खनेर एक दशमलव पाँच मिटर मात्रै बाँकी राखिएको छ। शुक्रबार साढे एक मिटरको सो भागलाई प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा ब्लास्ट गरिने कार्यक्रम छ। कार्यक्रममा उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलसहित अन्य मन्त्री तथा सांसदहरूको पनि सहभागिता रहनेछ।

सुरुङमार्ग निर्माण गर्न चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाखमा ठेक्का लिएको थियो। सुरुङमार्गको तीनवटै बाइपासको ब्रेक थ्रु भने पुसको पहिलो साताअगाडि नै भएको थियो। त्यसपछि मुख्य टनेलको काम तीव्र पारिएको थियो।

आयोजनाकी सूचना अधिकारी इन्जिनियर सविता ज्ञवालीका अनुसार सुरुङभित्र केही समस्या आए बाइपासबाट निस्कन मिल्ने गरी तीनवटा बाइपास बनाइएको हो। तेस्रो र पहिलो बाइपासको ब्रेक थ्रु २६ भदौ तथा ४ असोजमा भएको थियो भने दोस्रो बाइपासको ब्रेक थ्रु गत ७ पुसमा गरिएको थियो। पहिलो बाइपासको लम्बाइ एक सय ५१ मिटर, दोस्रोको एक सय ६१ र तेस्रोको एक सय ३० मिटर रहेको छ।

बुटवल-गोरुसिंगे सडक विस्तारको शुभारम्भ प्रधानमन्त्रीबाट गरिँदै

पूर्व-पश्चिम राजमार्गअन्तर्गत बुटवल-गोरुसिंगे सडकखण्ड विस्तारको शुभारम्भ पनि शुक्रबार गरिँदै छ। सुरुङमार्गको ब्रेक थ्रुपछि सडक विस्तारको शुभारम्भ प्रधानमन्त्री केपी ओलीले गर्ने कार्यक्रम तय गरिएको छ। आयोजनाका अनुसार ५० किलोमिटर लामो सडक विस्तारको शुभारम्भ बुटवलमा गरिँदै छ।

बुटवल-गोरुसिंगे सडकखण्ड वन्यजन्तु तथा वातावरणमैत्री बनाउने गरी निर्माण अगाडि बढाइएको छ। पूर्व-पश्चिम राजमार्गअन्तर्गतको ५० किलोमिटर लामो सडक विस्तारका लागि दुई खण्डमा गरी १३ अर्ब ५५ करोड ६५ लाखको ठेक्का सम्झौता भई काम अगाडि बढाइएको छ। काम सुरु गरेको तीन वर्षभित्र सम्पन्न गर्ने गरी चिनियाँ कम्पनी सान्सी कन्स्ट्रक्सन इन्जिनियरिङ ग्रुप र आशिष् निर्माण सेवा नेपाल जेभीसँग सम्झौता भएको सडक विस्तार आयोजनाले जनाएको छ। निर्माण हुने सडकखण्डमा वन क्षेत्र पनि पर्ने भएकाले जन्यजन्तुमैत्री बनाउने गरी सडक विस्तार गर्न लागिएको बुटवल-गोरुसिंगे-चन्द्रौटा सडक योजना कार्यालय प्रमुख इन्जिनियर कुशलता न्यौपानेले बताएकी छिन्। कपिलवस्तुको चन्द्रौटासम्म विस्तार गर्ने योजना रहे पनि पहिलो चरणमा बुटवल-गोरुसिंगे सडकखण्डको काम अगाडि बढाइएको छ। बुटवल-गोरुसिंगे सडकखण्ड वन क्षेत्रमा २४ मिटरदेखि सहरी क्षेत्रमा ५० मिटरसम्मको बनाइँदै छ।

■ वन्यजन्तुका लागि १९ वटा अन्डरपास बन्ने

सडकखण्डमा सालझन्डी-पिपरा क्षेत्रमा जंगल रहेको छ। त्यस्तै, वनगाई-गोरुसिंगे सडकखण्डमा पनि जंगल क्षेत्र रहेको छ। पूर्व-पश्चिम राजमार्गको उत्तर तथा दक्षिण क्षेत्रमा जंगल पर्ने हुँदा जनावरहरू उत्तर-दक्षिण आवतजावत गर्दा यो सडक पार गर्नुपर्छ। वन्यजन्तु आवतजावत गर्दा अवरोध नहोस् र उनीहरूलाई कुनै प्रकारको क्षति नहोस् भनेर अन्डरपाससहित सडक विस्तार गर्न लागिएको हो। जंगल क्षेत्रमा १९ वटा अन्डरपास बनाइने भएको छ। १९ वटामध्ये सालझन्डी-पिपरा खण्डमा चारवटा बनाइनेछ। त्यस्तै, कोइली बनगाई-गोरुसिंगे जंगलमा १० वटा अन्डर पास बनाइनेछ।



सिद्धार्थ राजमार्ग भएर साना-ठुला दैनिक हजारौँ सवारी बुटवलबाट पाल्पा, गुल्मी, अर्घाखाँची, स्याङ्जा, पोखरा, बागलुङलगायत लुम्बिनी र गण्डकीका पहाडी जिल्लाहरूमा ओहोरदोहोर गर्छन्।

शुक्रबार ब्रेक थ्रु हुन लागेको सिद्धबाबा सुरुङमार्गको बुधबारसम्मको प्रगति करिब ४० प्रतिशत रहेको छ। आयोजनाका अनुसार बुधबारसम्म सुरुङमार्गको भौतिक प्रगति ४० दशमलव १८ प्रतिशत रहेको छ भने वित्तीय प्रगति ३९ दशमलव ९० प्रतिशत रहेको छ।

योजना कार्यालयका लेखा अधिकृत राजेन्द्रप्रसाद आचार्यले सडकखण्डमा पर्ने रुख हटाउने र नयाँ बिरुवा रोप्न चार करोड रुपैयाँ छुट्याइएको बताए। यस सडकखण्डमा ३० वटा पुल बन्नेछन्। त्यस्तै, बजार क्षेत्रमा सडक पार गर्न सहजताका लागि ओभरहेड ब्रिज पनि बन्नेछन्। यस सडकखण्डमा एक सय ४९ कल्भर्ट तथा ६ अन्डरपास बन्नेछन्। पुल, क्रसिडदेखि सर्भिस लेनको काम गरेपछि बिचको सडक भत्काउने र बनाउने काम अगाडि बढाइने भएको छ। सडक विस्तारको काम सुरु भएपछि बिचसडकको काम नथाल्दैबाट नै सडकमा खाल्टाखुल्टी पर्ने मर्मत-सम्भारको काम पनि निर्माण व्यवसायीले गर्ने आयोजनाले जनाएको छ।

आन्तरिक उडान नियमित भए पनि फ्लाई दुबईले भैरहवामा गरेन अवतरण

भैरहवा/ भैरहवाको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा बिहीबार आन्तरिक उडानहरू नियमित नै भए पनि दुबईबाट आएको फ्लाई दुबईले भिजिबिलिटी नपुगेको भन्दै अवतरण नगरी काठमाडौँमा उडान डाइभर्ट गरेको छ। बिहीबार दिनभर भैरहवा विमानस्थलको भिजिबिलिटी दुई हजारदेखि २५ सय मिटरसम्म रहेको विमानस्थल कार्यालयले जनाएको छ।

जबकि, भैरहवामा अवतरण गर्न १८ सय मिटर भिजिबिलिटी पर्याप्त मानिन्छ। बिहीबार यती र बुद्धका १७ वटा आन्तरिक उडान कुनै समस्या नभई दिनभर भैरहवा-काठमाडौँ समयमै उडान भएका थिए। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता दीपक बज्राचार्यले बिहीबार १७ वटा आन्तरिक उडानहरू साँझ साढे ६ बजेसम्म नियमित समयमै भएको बताए। विमानस्थलको भिजिबिलिटी पनि दुई हजारदेखि २५ सय मिटरसम्म रहेको उनको भनाइ छ। तर, भिजिबिलिटीलाई नै कारण देखाएर अन्तर्राष्ट्रिय उडान डाइभर्ट गरिनुलाई विमानस्थल सञ्चालन गर्न नदिन चलखेल भएको स्थानीय पर्यटन व्यवसायीले आशंका गरेका छन्।

बिहीबार रुपन्देहीमा आयोजित एक कार्यक्रममा पर्यटन परिषद् लुम्बिनी प्रदेशका सदस्य राजेश मलहोत्राले भैरहवा विमानस्थल नियमित सञ्चालन गर्न नदिनमा ठुलो चलखेल भइरहेको बताए। विमानस्थलका कर्मचारी र काठमाडौँका व्यवसायीहरू यस्तो चलखेलमा संलग्न रहेको उनको जिकिर छ। आन्तरिक उडान नियमित भइरहँदा विभिन्न बहानामा अन्तर्राष्ट्रिय उडान डाइभर्ट हुनु शंकाको विषय भएको सिद्धार्थ सञ्जाल रुपन्देहीका अध्यक्ष अनिल ज्ञवालीले बताए। हिजोका दिनमा लामो सडक आन्दोलन भएको बताउँदै विमानस्थल नियमित सञ्चालनका लागि पुनः आन्दोलन आवश्यक रहेको उनले बताए।

भैरहवा र पोखराबाट अन्तर्राष्ट्रिय उडान गर्ने यात्रुलाई तीन हजार सस्तो पर्ने

काठमाडौँ/ भैरहवाको गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय हवाईयात्रा तीन हजार रुपैयाँ सस्तो पर्ने भएको छ। सरकारले दुवै विमानस्थल भएर अन्तर्राष्ट्रिय हवाईयात्रा गर्ने यात्रुलाई विमानस्थल सेवा शुल्कमा शतप्रतिशत छुट दिने निर्णय गरेको हो।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले यात्रु सेवा शुल्कबापत प्रतियात्रु तीन हजार लिँदै आएको छ। सरकारले भदौ ०८३ सम्म दुवै विमानस्थलबाट अन्तर्राष्ट्रिय यात्रा गर्नेलाई यात्रु सेवा शुल्कमा शतप्रतिशत छुट दिने निर्णय गरेको हो। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट यात्रा गर्ने यात्रुको हकमा भने यात्रु सेवा शुल्क यथावत् नै छ।

गत साउनमै मन्त्रिपरिषद् बैठकले भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्न कार्ययोजना स्वीकृत गरेको थियो, जसमा भैरहवा र पोखरामा विमानस्थल सेवा शुल्क पूरै छुट दिने उल्लेख थियो। सोही निर्णय अहिले आएर कार्यान्वयन गर्ने निर्णय भएको हो।

मोबाइल फुड ल्याब भ्यानबाट कालीमाटीमा रातभरि विषादी परीक्षण

काठमाडौँ/ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले मंगलबार राति ९ बजेबाट बिहीबार बिहान ४ बजेसम्म कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिमा भित्रिएका तरकारीमा रहेको विषादी परीक्षण गरेको छ। विभागले प्रयोगशालासहितको मोबाइल ल्याब भ्यान कालीमाटी बजारपरिसरमै लगेर रातभरमा भित्रिएका तरकारीमा रहेको विषादी परीक्षण गरेको महानिर्देशक सञ्जीव कर्णले जानकारी दिए।

खाद्यको टोलीले २२ प्रकारका तरकारी र फलफूलका एक सय ५० वटा नमुना परीक्षण गरेको जनाएको छ। तरकारी तथा फलफूलमा 'इन्जाइम इन्हिबिसन' विषादीको मात्रा ३५ प्रतिशतसम्म प्रयोग भएको पाइए मापदण्डभित्रै मानिन्छ भने ३५ देखि ४५ प्रतिशत इन्जाइम इन्हिबिसन भेटिए केही दिन भण्डारण गरेर मात्र प्रयोग गर्न पाइने व्यवस्था छ।

